ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।
- ज्येष्ठ नागरिकलाई सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप, अनुभव र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।
सभ्यताको परिचय दिऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
epratekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर १९ गते सोमवार // मूत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 December 05 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९७

# एघार वर्ष बितिसक्दा पनि पुल अधूरै

नितेश कर्ण, वीरगंज, १८ मङ्सिर/ पर्सा जिल्लाका बजियान र थरुहट क्षेत्र जोड्ने पर्सागढी नगरपालिका-९ एकटाँगामा निर्माण भइरहेको पक्की पुल ११ वर्ष पुगिसक्दा पनि अधूरै छ। पप्पु कन्स्ट्रक्सनले सडक विभागसँग २०६८ साउन २७ मा यो पुल निर्माणको ठेक्का लिएको थियो।

ठेक्का सम्झौता अनुसार २०७० साउन २७ मा निर्माण सम्पन्न गर्नुपर्ने भएपनि अहिलेसम्म यो पुल निर्माण सम्पन्न हुन सकेको छैन। सडक विभागले रु तीन करोड ३१ लाखको लागतमा पुल निर्माणको टेन्डर आह्वान गर्दा पप्पुले रु दुई करोड १४ लाखमा सकार गरेको थियो। अहिले यो पुलको भौतिक प्रगति ४५ प्रतिशत छ भने आर्थिक प्रगति २२ प्रतिशत रहेको छ।

पुल निर्माण नहुँदा स्थानीयलाई लामो दूरी तय गर्नुपर्ने बाध्यता अहिले पनि विद्यमान छ। यो खोलामा बर्सेनि बाढीको कारण मानिसहरूको आवतजावत प्रभावित हुँदै आएको छ। बाढीको बेलामा गाउँलेहरूको सडक सम्पर्क पुल नबन्दा हुँदैन। पुलको विषयलाई लिएर स्थानीयले होहल्ला गरेपछि ठेकेदारले कछुवा गतिमा काम देखाउने तर अहिलेसम्म पूरा भने गरेको छैन। पुल निर्माण कार्य शुरु भएको एक दशकभन्दा बढी समय लाग्दा पनि पुल निर्माण सम्पन्न नहुँदा यस भेगका मानिसहरू अहिले निरुत्साहित भएका छन्।

सडक विभागले समयमा कार्य सम्पन्न नभएको भनी मौखिक, लिखित ताकेताका साथ सार्वजनिक सूचना पनि प्रकाशन गर्दै आएको छ तर ठेकेदारले भने कुनै सुनवाइ गरेको छैन। ठेकेदारले भने वेल फाउन्डेशन धसाउने क्रममा साह्रो माटो परेको र स्थानीयको विरोधका कारण काममा ढिलाइ भएको सडक विभागलाई दुईवटा कारण देखाउँदै आएको छ। ताकेता परेको बेलामा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाउने तर काम भने पूरा नगरेको अवस्था छ।


अधुरो निर्माण भएको पुल। तस्वीरः प्रतीक/फाइल



# ओरिया नदीको अवैध दोहन, सरोकारवाला पक्ष मूकदर्शक

प्रस, पंचगावाँ, १८ मङ्सिर/ जीराभवानी गाउँपालिका कार्यालयमा आज स्थानीयले ओरिया खोलाको अवैध उत्खनन रोक्न भनेर निवेदन दिएका छन्।

नेसार समानीलगायतका स्थानीयहरूले हस्ताक्षर गरी ओरिया खोलाको अवैध उत्खनन रोक्न निवेदन दर्ता गराएका हुन्। उनीहरूले ओरिया खोलाको दोहन भइरहेको र गाउँपालिका, स्थानीय प्रहरी मूकदर्शक बनेको आरोप लगाएका छन्। गाउँलेहरूले ओरिया खोलाको ठेक्का नभएको अवस्थामा दैनिक राति ८-१० वटा ट्याक्टरबाट बालुवा उत्खनन हुने र यस कार्यमा प्रहरीको मिलेमतो पनि रहेको आरोप लगाएका छन्।

ओरिया खोलाको ठेक्का विगत तीन/चार वर्षदेखि हुन सकेको छैन। गापा कार्यालयले ठेक्काको लागि आह्वान गर्ने तर सो दररेटमा कसैले ठेक्का सकार नगरेकाले अहिलेसम्म ठेक्का लाग्न सकेको छैन। ठेक्का नलागेको ओरिया खोलामा बालुवा उत्खनन वैध नभएको तर तस्करहरूले राति सुरक्षाकर्मीहरूलाई प्रभावित गरेर बालुवाको उत्खनन गर्दै आएका छन्।

यसबारेमा स्थानीयले मौखिकरूपमा गापा कार्यालयलाई बारम्बार जानकारी गराउँदा पनि कारबाई नभएकोले आइतवार लिखित निवेदन दर्ता गराइएको हो। गापा कार्यालयले यसअघि ठेक्का नभएपछि एक वर्ष अमानतमा बालुवा बिक्री गरेको थियो। तर अहिले ठेक्का पनि भएको छैन र अमानतबाट पनि बालुवा उत्खनन भइरहेको छैन। यो अवस्थामा ओरिया नदीको अवैध दोहन जारी छ र सरोकारवाला पक्ष मूकदर्शक भएको छ। ओरिया खोलाबाट वार्षिक २० लाखभन्दा बढी राजस्व सङ्कलन हुने गरेको थियो। विगत तीन वर्षदेखि यो आम्दानी घाटामा परिणत भएको छ र यसको फाइदा तस्करहरूले उठाइरहेका छन्।

गाउँलेहरूले ओरिया खोलाबाट राति ८-१० वटा ट्याक्टरमा बालुवा लोड गर्ने र जगरनाथपुर गापातर्फ लैजाने गरेको बताएका छन्।


ओरिया खोलाको दोहन रोक्न निवेदन दर्ता गर्दै। तस्वीरः प्रतीक


ओरिया नदीमा अवैध उत्खनन गरिँदै। तस्वीरः प्रतीक/फाइल

# चुनावमा मत किनबेचमा सक्रिय बिचौलियाहरू सम्पर्कविहीन

प्रस, वीरगंज, १८ मङ्सिर/ हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मत खरीद-बिक्री गर्ने कार्यमा संलग्न बिचौलियाहरूको अहिले बिजोग भएको छ।

उम्मेदवारलाई विजयी गराउन गाउँ-टोलका बिचौलियाहरूले उम्मेदवारहरूसँग रकम लिएको तर रकमबापत उपलब्ध गराउने मत नपरेपछि अहिले उनीहरूविरुद्ध उम्मेदवारहरू जाइलागेका छन्। जसले गर्दा बिचौलियाहरूको बिजोग भएको छ।

यस्ता बिचौलियाहरूलाई उम्मेदवारहरूले रकम फिर्ता गर्न दबाब दिएपछि अधिकांश बिचौलियाले मोबाइल बन्द गरेका छन् भने केही बेपत्ता भएका छन्। पराजित उम्मेदवारहरूले अहिले बिचौलियाहरूको खोजी गरिरहेको र उनीहरू सम्पर्कविहीन छन्। जितेकाहरूमध्ये पनि थोरैले मात्र भने अनुसारको मत नपाएको भनेर बिचौलियाहरूको खोजी शुरू गरेकाले उनीहरूबीच भागाभागको अवस्था छ।

बिचौलियाहरू भाग्नुको कारण उनीहरूले चुनावताका मतदाताहरूलाई रकम बाँडेको र मतदाताबाट रकम फिर्ता लिनसक्ने अवस्था नभएकोले उनीहरू भाग्ने, सम्पर्कविहीन हुने गरेका छन्। चुनावताका बिचौलियाहरूले रक्सी, मासु खुवाउने, नगद दिने जस्ता कार्य गरेर मतदाताहरूलाई आफ्नो भनेको उम्मेदवारलाई मतदान गर्न दबाब सिर्जना गरेका थिए। अहिले उनीहरू स्वयम् दबाबमा परेका छन्। उम्मेदवारहरूले बिचौलियाहरूलाई लिएको रकम फिर्ता गर्न दबाब शुरु गरेको स्रोतले जनाएको छ।

कतिपय बिचौलियाहरूले दोहोरो-तेहोरो गरी उम्मेदवारहरूसँग रकम लिएका थिए। जसले गर्दा गाउँमा अशान्तिको अवस्था छ। अहिले प्रहरी चौकीमा उजुरी दिनेहरूको सङ्ख्या बढेको बताइन्छ। केही दिनअगाडि पटाका पड्काएको निहुँमा बहुदरमाई नगरपालिकामा दुई पक्षबीच भिडन्त हुँदा आधा दर्जन मानिस घाइते भएका थिए। दुवै पक्षलाई जाहेरी लिएर जिल्ला प्रहरी कार्यालय, पर्सामा मुद्दा दर्ता गराउन दलीय दबाब बढेको एकजना प्रहरी अधिकृतले बताए। उनले चुनाव सकिएपछि गाउँटोलमा यस्तै खाले घटनाहरू भइरहेका र यसको मूल कारण चुनावमा रकम लिएर मत दिलाउन नसक्नु नै रहेको बताए। विभिन्न कारण देखाइ झगडा भइरहेको र त्यसको पञ्चायती जिल्ला प्रहरी कार्यालयमा गर्नुपर्ने अवस्था छ।

देखावटीरूपमा झगडाका कारण भिन्न भएपनि त्यसको मूल कारण भने चुनावमा गरिएको घात, अन्तर्घात रहेको र रकमी चलखेलको विषय भएको ती प्रहरी अधिकृतले बताए।

# दुई सीमावर्ती बजार गौर-बैरगनियाबीच चल्न थाल्यो रिक्शा

प्रस, गरुडा, १८ मङ्सिर/ रौतहट सदरमुकाम गौरबाट भारतीय सीमावर्ती बजार बैरगनियाबीच रिक्शा चल्न थालेको छ। कोरोनाको पहिलो लहरदेखि नै बन्द रहेको अटोरिक्शा आइतवारदेखि पुनः सञ्चालनमा आएको हो।

प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनअघि नै सीमावर्ती दुवै बजारबीच अटोरिक्शा निर्बाध सञ्चालनमा ल्याउने प्रक्रिया पूरा भएको थियो तर विभिन्न प्राविधिक कारणले सञ्चालनमा आउन सकेको थिएन।

गौर र बैरगनिया दुवैतिर अटोरिक्शालाई व्यवस्थित गर्ने सहमति भएपछि आइतवारदेखि सञ्चालनमा ल्याइएको छ। भारतीय अटोरिक्शाहरू गौरको मूल बजार नाघेर जिल्ला प्रहरी कार्यालयनजीकको ब्यारेक फिल्डसम्म आउने तथा नेपाली अटोरिक्शाहरू बैरगनियाको मूल बजार नाघेर रेलवे स्टेशनसम्म जान पाउने सहमति भएको छ।

गौर नगरपालिकाका प्रमुख शम्भु साहको निरन्तरको प्रयासले दुई सीमावर्ती बजारबीच सीधा सम्पर्क हुन सकेको हो। नगरप्रमुख साह आइतवार पनि बैरगनिया पुगेर केही प्रक्रिया पूरा गरी दुई सीमावर्ती बजारबीच अटोरिक्शा सञ्चालन गराएका हुन्।

यसअघि नेपाली अटोरिक्शाहरू नेपाली भन्सारसम्म र भारतीय

(बाँकी अन्तिम पातामा)


गौरबाट भारततर्फ चल्ने अटो-रिक्सा। तस्वीरः प्रतीक

# चुनावमा अन्तर्घात गर्नेहरूलाई कारबाई

प्रस, वीरगंज, १८ मङ्सिर/ नेपाली काङ्ग्रेसले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको चुनावमा अन्तर्घात गर्नेहरूलाई कारबाहीका लागि केन्द्रीय अनुशासन समितिमा पुस १५ गतेभित्र नाम पठाउन आग्रह गरेको छ।

नेका केन्द्रीय अनुशासन समितिका सचिव प्रेम केसीले आइतवार विज्ञप्ति प्रकाशित गरी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको चुनावमा पार्टी र सत्ता गठबन्धनका उम्मेदवारलाई असहयोग गरेकाहरूको नाम सिफारिश गरी कारबाहीको लागि पठाउन जिल्ला कमिटीलाई निर्देशन दिएको छ।

विज्ञप्तिमा उनले जिल्ला एवं प्रदेश अनुशासन समितिमा परेका उजुरीमाथि चाँडै निर्णय गरेर केन्द्रमा पठाउन र जिल्ला तथा प्रदेश अनुशासन समिति गठन नभएको अवस्थामा तत्काल अनुशासन समिति गठन गरी कारबाहीको निर्णयसहित पुस १५ गतेभित्र केन्द्रीय अनुशासन समितिमा पठाउन सबै जिल्लालाई निर्देशन जारी गरेका छन्। सचिव केसीद्वारा हस्ताक्षरित यो पत्र देशभरका जिल्लामा पठाइएको र पर्सा, बारामा पनि पत्र आइसकेको बताइएको छ।

## विचारसार र सूक्तिहरू

मृत्युसँग मानिस यस कारण अतासिन्छ, उसको अन्तःचेतनाले अनुभव गर्दछ कि यस जीवनको मैले जुन दुरुपयोग गरेको छु, त्यसका कारण मरेपछि दुर्गति हुनेछ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# कारबाईको चरण

**राजनीतिक दलभित्र धेरैवटा गुट–उपगुटहरू हुन्छन् । तलदेखि माथिसम्म दुई पक्ष देखिन्छ भने त्यो गुट हो । गुटहरूभित्र पनि उपल्लो नेताको निकट बन्न चाहनेहरूको उपगुट हुन्छ । नीतिगत वा सैद्धान्तिक पक्षबाट देखिएका फरक मत तथा अनुशासित गुटहरूले दललाई सचेत, परिस्कृत गर्दै माझ्ने गर्छ । यसबाट नयाँ सिर्जना र नेतृत्व विकास सहज हुन सक्छ । नीतिगत वा सैद्धातिकरूपमैं सिर्जित गुट भएपनि त्यो अराजक बनेमा दल सङ्कटमा पर्छ । यसैगरी, उपगुटहरू अराजक बन्यो भने गुट सङ्कटमा पर्छ । मुलुकका ठूला राजनीतिक दलहरूमध्ये नेपाली काङ्ग्रेसमा गुटगत राजनीति छ । गुटलाई सम्हाल्दासम्हाल्दै नेपाली काङ्ग्रेस केन्द्रीय तहका नेताहरूले महत्त्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दाहरूमा आफ्नो परिपक्व दृष्टिकोण बनाउन सकेका छैनन् । अर्का ठूला दल नेकपा एमालेमा भने गुटभन्दा पनि उपगुटको समस्या छ । दशौं महाधिवेशनअघिसम्म ओली र रावल पक्षीय दुई गुट देखिएकामा महाधिवेशनपछि कमजोर रावल गुट मङ्सिर ४ को चुनावपछि अस्तित्व नै समाप्त भएको अवस्थामा छ । अध्यक्ष केपी ओली सर्वेसर्वा रहेको एमालेमा सोही पक्षका उपगुटहरू भने निकै सल्बलाएका छन् ।**

**गुट वा उपगुट, एकले अर्कालाई सिध्याउने विभिन्न चरणहरू छन् । ती चरणहरूमा अधिवेशन तथा महाधिवेशन पहिलो हो । यसमा एकले अर्का पक्षलाई सकभर सङ्गठनको जिम्मेवारीमा आउनबाट रोक्न खोज्छन् । यो कुरा चुनावको क्रममा पनि लागू हुन्छ । गुट वा उपगुटहरू एक पक्षले अर्को पक्षलाई उम्मेदवार बनाउन चाहँदैनन् । कथं उम्मेदवारी पाइहाले पनि विपरीत पक्ष आफ्नै दलको उम्मेदवारको विरुद्ध चाल चलिरहेका हुन्छन् । चुनावमा हारजीत हुन्छ नै । केही ठाउँमा हार र केही ठाउँमा जीत अवश्यम्भावी छ । त्यही मौकामा हारको दोष जति परस्पर विरोधी गुट तथा उपगुटको टाउकोमा घोप्टयाएर आफू चोखिने चाल गुट तथा उपगुटहरूले चलेकाका हुन्छन् । त्यसै त चुनाव हारेको सङ्गठन, त्यसमा पनि यस किसिमको लफडाले सम्बन्धित राजनीतिक दल कमजोर बन्न पुग्छ । नेकपा एमाले पर्साको भाँडभैलो हेर्दा एमाले पर्सा यही चरणमा पुगेछ भन्न सकिन्छ ।**

**एमाले पर्सामा गुट छैन उपगुट छ । यहाँका दुईवटा उपगुट ओली गुटकै हो । एकले अर्कालाई सिध्याएर आफू मात्रै रजगज गर्ने लालसाले ओली गुटभित्रकै दुई उपगुटबीच अराजकता बढ्दो छ । यसको नमूना पर्सा जिल्ला अधिवेशनमा बाहिर आयो । त्यसैगरी, प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा टिकटको लागि सिफारिश गर्दा दुई गुटबीचको द्वन्द्व निकै चर्किएको थियो । एकले अर्को गुटलाई सिध्याउन विभिन्न खेलहरू भए । दल प्रवेश गर्ने/गराउने, स्वतन्त्र उठ्ने र अन्तर्घात गर्नेलगायतका खेलहरू यहाँ भए । एउटा गुटले अर्को दलका कुनै नेता, कार्यकर्तालाई एमालेमा प्रवेश गराएमा विपरीत गुटको सदस्य सङ्ख्या बढ्ने ठानेर अर्को गुटले पनि तुरुन्त दल प्रवेश कार्यक्रम राख्ने गरेको पाइयो । यसो हुँदा बाहिरबाट आउनेहरू बीचमा पनि द्वन्द्व बीजारोपण भयो । अन्तर्घात हुँदा चुनाव हार्नु त निश्चित छ । अब कारबाईको चरण शुरू भएको छ । एक गुटले अर्को गुटको कमजोरी खोज्दै दुवैतर्फका केहीविरुद्ध कारबाईको घोषणा भयो । अब आफ्नोलाई जोगाएर अर्कोलाई फसाउने खेल दुवैतर्फबाट शुरू हुन्छ । शुरू पो भयो, शृङ्खला लामै चल्न सक्छ । जो होस्, दोषीलाई कारबाई र निर्दोषलाई सफाइमा एकमत हुन सके मात्रै सङ्गठन सही बाटोमा आउनेछ ।**

# विद्यार्थीहरूले आफ्नो कमजोरीलाई ताकत बनाउनुपर्छ

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**तपाईंले घर बाहिरको संसारमा धेरै थरीका र धेरै ठाउँका साथी पाउनुहुन्छ जसले तपाईंलाई विश्वभरि फैलाउने काम गर्छन् । तपाई एकपटक एउटै ठाउँ घुम्न सक्नुहुन्छ तर साथीहरूको माध्यमले तपाई एकपटकमा धेरै ठाउँमा बसोवास गर्न सक्नुहुन्छ ।**

आयुर्वेदमा लेखिएको छ–जुन कुराको प्रयोगले रोग हुन्छ यदि त्यही कुरोलाई प्रशोधित गरेर प्रयोग गरियो भने त्यो रोग निको गर्ने औखति हुन सक्छ । यो अद्भूत सिद्धान्त हो । यसको अर्थ के हुनसक्छ भने विष खाँदा मानिस मर्छ तर यदि विषलाई प्रशोधित गरेर जहर खाएको मानिसलाई खुवाइयो भने जहरको असर समाप्त हुन्छ । यो आलेख यसै सिद्धान्तमाथि आधारित छ । यस कारण यदि विद्यार्थीहरूले आफ्नो कमजोरीलाई बुझेर त्यसको सही तरीकाले उपयोग गर्न प्रारम्भ गर्छन् भने त्यो नै उनीहरूको ताकत बन्न सक्छ । वास्तवमा भन्ने हो भने एउटै कुरो हाम्रो कमजोरी र ताकत दुवै हुन सक्छ । हरेक आमाबुवाका लागि उनका सन्तान उनका कमजोरी हुन् । यदि सन्तानलाई केही कष्ट हुन्छ भने आमाबुवा उनीहरूको लागि गलत–सही जे पनि गर्न तयार हुन्छन् तर त्यही सन्तान वृद्धावस्थामा उनीहरूको ताकतको रूपमा देखापर्छ ।

भन्न के खोजिएको हो भने हरेक मानिसमा केही न केही कमजोरी हुन्छ । यो कम वा बढी हुन सक्छ । यो बेग्लाबेग्लै वा समान पनि हुन सक्छ । मानिसहरू लगातार आफ्नो कमजोरीसँग सङ्घर्ष गरिरहेका हुन्छन् । केही मानिस कमजोर भएकै कारण कमजोरीको सामना गरिरहेका हुन्छन् भने कोही लापरवाहीका कारण कमजोर भएका हुन्छन्, त कोही त्यस कमजोरीबाट छुटकारा पाउनका लागि सङ्घर्ष गरिरहेका हुन्छन् । यहाँनिर 'छुटकारा' शब्दको दुईवटा अर्थ निकाल्न सकिन्छ । पहिलो हामीभित्र रहेको कमजोरी लोप भएपछि त्यसबाट स्वतः छुटकारा पाउन सकिन्छ भने अर्को आफ्नो कमजोरीलाई बुझेर त्यसको उपयोग आफ्नो क्षमता वृद्धिका लागि गरे मात्र त्यस कमजोरीबाट छुटकारा पाउन सकिन्छ ।

धेरै विद्यार्थी गाउँबाट शहर र एक शहरबाट अर्को शहरमा पढ्नका लागि जाने गर्दछन् । आजभोलि त्यस्ता विद्यार्थीहरूमा देखापर्ने एउटा प्रमुख कमजोरी हो 'होम सिकनेस' । नयाँ ठाउँमा गएर छात्रावास वा डेरा लिई बसेर पढिरहेका विद्यार्थीहरूलाई गाउँ वा आफ्नो शहरको धेरै सम्झना हुने अनुभवले देखाएको छ । कहिलेकाहीं त उनीहरू यसको परिणामस्वरूप बिरामी पनि पर्छन् । यस्ता थुप्रै विद्यार्थीहरू देखा पर्छन् जो होम सिकनेसले गर्दा डिप्रेशनको शिकार भएका छन् । मेरा एक अभिन्न मित्र जो यस कमजोरीले गर्दा बीचमैं पढाइ छाडे, आज दिनमा कैयनपटक त्यस बेला लिएको निर्णयले गर्दा पछुताउने गर्छन् ।

यो होम सिकनेस धेरै भावुकताले गर्दा उत्पन्न हुन्छ । घरबाट टाढा जानुको अर्थ सधैंका लागि जानु हैन । लामो समयका लागि पनि त्यहाँ जानु हैन । मात्र के हुन्छ भने तपाई प्रत्येक दिन आफ्नो घर नगएर कुनै–कुनै दिन केही दिनका लागि मात्र आउनुहुन्छ तर घरका सदस्य, गाउँ वा शहरका साथीहरू तपाईलाई त्यतिकै माया गर्छन् जति पहिले गर्दथे । सही त के हो भने उनीहरूसँगको दूरीले आपसी सम्बन्धलाई झन् बलियो बनाउँछ ।

तर भावुकताले गर्दा विद्यार्थीहरूको समझमा यो कुरो आउँदैन । उनीहरूलाई के भ्रम हुन्छ भने सबैसँग र सधैंका लागि टाढा भएको हो । यहाँ स्मरण गर्नुपर्ने कुरो के हो भने चौध वर्षको वनवासबाट भगवान् राम घर फर्केका थिए कि थिएनन् ? घर फर्कंदा अयोध्यावासीले उनीहरूको स्वागत कसरी गरेका थिए ? तपाईंले पनि केही हासिल गर्न केही दिनको लागि गृहत्याग गरेको हो । जुन दिन तपाई आफ्नो लक्ष्य प्राप्त गरेर फर्कनुहुन्छ त्यस दिन तपाईंको पनि भव्य स्वागत गरिन्छ, किनभने तपाईंलाई माया गर्ने सबै खुशीपूर्वक तपाईंको स्वागत गर्न बसेका हुन्छन् । विद्यार्थीहरूलाई धैर्यतापूर्वक त्यस दिनको प्रतीक्षा गर्नुपर्छ ।

तपाई घरबाट टाढा हुँदा, घरमैं बसेर पढ्दा कति राम्रो हुन्थ्यो भन्ने यदि सोच्नुहुन्छ भने तपाईंको यो सोच वैज्ञानिक नभई भावुकताले भरिएको सोच हो । यदि तपाईंले घरमैं बसी पढिरहेका साथीलाई सोध्नुहुन्छ भने उनीहरूले तपाईंलाई भाग्यशाली र आफूलाई दुर्भाग्यशाली बताउँछन् । यहाँसम्म कि उनीहरूका परिवारजन पनि धेरै खुशी हुँदैनन्, किनभने उनीहरूले आफ्नो सन्तानलाई बाहिर पढ्न पठाउन सकेनन् । अर्को कुरो के भने तपाईंलाई बाहिर पठाएर तपाईंको परिवारजन पनि साह्रै खुशी छैनन् तर यी दुवै परिवारको आँखाको आँसुले दुईवटा कुरा बयान गर्छ । तपाईंको साथीको परिवारको आँसु स्थायी दुःखका आँसु हुन् भने तपाईंको आमाबुवाको आँसु बिदाइका आँसु हुन् अर्थात् खुशीका आँसु हुन् । के यो ठूलो अन्तर होइन ?

हरेक मानिसलाई आफ्नो जिन्दगीमा केही न केही गर्नुपर्ने हुन्छ र त्यसका लागि एउटा उमेर निर्धारित गरिएको हुन्छ । त्यस निर्धारित उमेरसम्म मात्र विद्यार्थीहरूले घरपरिवारको सहारा लिनुपर्ने हुन्छ । कसैसँग आउने सात पुस्तासम्म केही नगरी खाने सम्पत्ति हुन्छ तर उसका आमाबुवा पनि के चाहन्छन् भने उनका सन्तानले केही राम्रो काम गरून्, आफ्नो नाम उज्ज्वल गरून् । तपाई पनि स्नेहपूर्ण घर छाडेर गरेर यही गर्न जानुभएको त हो नि ! विद्यार्थीहरूले घरबाहिर जाने निर्णय आफैं वा आमाबुवाको सल्लाहले लिने गर्छन् किनभने उनीहरू केही विशेष दक्षता हासिल गर्न चाहन्छन् । वास्तवमा भन्ने हो भने विशेष दक्षता प्राप्त गर्न केही विशेष गर्नुपर्ने हुन्छ । घर बाहिर गएर तपाईंले यही त गर्नुभएको छ । तपाईंले जे गर्नुभएको छ त्यो धेरै कमलाई प्राप्त हुन्छ । धेरैले त यसको कल्पना मात्र गर्ने गरेका छन् । यसमा चिन्ता वा दुःखी हुने कुनै कारण नै छैन । यो गर्व र खुशीको कुरो हो ।

यदि तपाईंमा होम सिकनेसको कमजोरी छ भने त्यो केही कम भएको पक्कै महसूस गर्नुभएको होला । यदि यो अहिले पनि विद्यमान छ भने तपाईंलाई आफ्नो सोचमा केही सकारात्मक परिवर्तन गर्नुपर्ने आवश्यकता छ । विद्यार्थीहरूले ध्यान दिनुपर्ने कुरो के हो भने 'नो पेन, नो गेन' । आफ्नो यस होम सिकनेसको कमजोरीलाई ताकतमा परिवर्तन गर्नुछ भने सोचेर हेर्नुहोस् नेपालका कति प्रतिशत विद्यार्थीलाई यो सुनौलो अवसर प्राप्त भएको छ ? कति प्रतिशतले आफ्नो घरको त्याग गरी निश्चिन्त भएर आफ्नो सम्पूर्ण समय र ध्यान पढाइमा मात्र लगाउने गरेका छन् ? यस्तो एक प्रतिशत मानिसले मात्र गर्न पाउँछन् र तपाईं तीमध्ये एक हुनुहुन्छ । बाँकी आफ्नो घरमैं बसी पढाइ पूरा गर्छन् । ईश्वरले तपाईंलाई मात्र यो सुनौलो अवसर प्रदान गरेका छन् । यो यस कारणले भनिएको छ किनभने तपाईं केही विलक्षण काम गर्नुहोस् भन्ने ईश्वरको चाहना पनि रहेको छ ।

यस कारण तपाईं आफ्नो मनलाई यति फराकिलो बनाउनुहोस् जसबाट यस पृथ्वीमा बसोवास गर्ने अरू विद्यार्थीहरू, जसलाई ईश्वरले यो अवसर प्रदान गरेका छैनन् तिनको भलो गर्न सक्नुहोस् । यो मात्र तपाईंको इच्छा हैन । हामीले बुझ्नुपर्ने कुरा के हो भने हामी माध्यम मात्र हौं । यसर्थ ईश्वरको इच्छा पनि यही भएको कारण त्यस इच्छाको पूर्तिका लागि तपाईंले आफ्नो समस्त क्षमता उपयोग गर्नुपर्छ । यसरी सोचेर नै तपाईंले आफ्नो परिवारजन, समाज र राष्ट्रका लागि; र अर्को शब्दमा भन्ने हो भने ईश्वरीय इच्छासँग पनि सही न्याय गर्न सक्नुहुन्छ । यस कारण आफ्नो यस अस्थायी गृहत्याग जसले तपाईंलाई कमजोर बनाइरहेको छ त्यसलाई आफ्नो ताकत सम्झनुहोस् । यो यस्तो बल हो जो तपाईंको जिन्दगीमा अर्कोपटक पाइने छैन ।

तपाईंले घर बाहिरको संसारमा धेरै थरीका र धेरै ठाउँका साथी पाउनुहुन्छ जसले तपाईंलाई विश्वभरि फैलाउने काम गर्छन् । तपाई एकपटक एउटै ठाउँ घुम्न सक्नुहुन्छ तर साथीहरूको माध्यमले तपाई एकपटकमा धेरै ठाउँमा बसोवास गर्न सक्नुहुन्छ । यो यस्तो सुनौलो मौका हो जसको माध्यमबाट तपाईंले आफूलाई धेरै ठाउँमा फैलाउन सक्नुहुन्छ । यस कारण आफ्नो मित्रताको दायरा फराकिलो पार्नुहोस् । एक अर्कासँग परिचय गर्नुहोस् र त्यसमा भावुकता झानेर त्यसलाई सम्बन्धमा परिवर्तित गर्नुहोस् । यसबाट तपाईंलाई बल प्राप्त हुनेछ र सफलताको बाटो पनि प्रशस्त हुनेछ । यसबाट तपाईंको आत्मविश्वास बलियो र भविष्य उज्ज्वल हुनेछ ।

# मोक्षदा एकादशी : गीता जयन्ती मनाइयो

काठमाडौं, १८ मङ्सिर/रासस

वैदिक सनातन हिन्दू धर्मावलम्बीको धार्मिक ग्रन्थ गीता प्रादुर्भाव भएको दिनको सम्झनामा पाठपारायण एवं प्रवचनलगायत विविध कार्यक्रम गरी आज गीता जयन्ती पर्व मनाइयो ।



तस्वीर: फाइल

वैदिक ज्ञान भावी पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले गीता जयन्तीको अवसर पारेर विविध कार्यक्रम आयोजना गरिएको थियो । पाँच हजार १३० वर्षअघि मार्गशीर्ष शुक्ल एकादशीका दिन कौरव र पाण्डवबीचको महाभारत युद्धका समय पारेर विष्णुको आठौं अवतारका रूपमा पृथ्वीमा जन्म लिएका कृष्णाले अर्जुनमार्फत कुरुक्षेत्रमा गीता ज्ञानको पुनर्जागरण गरेको धार्मिक विश्वास रहिआएको छ । भगवान्ले नै अर्जुनमार्फत हामीलाई गीताको ज्ञान दिएका हुन् ।

कुरुक्षेत्रमा १८ दिनसम्म महाभारत युद्ध हुन लाग्दा अर्जुन आफन्तविरुद्ध लडाइँ गर्न तयार नभएपछि भगवान् कृष्णले उपदेश दिन सुनाएको ग्रन्थ गीता भएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले जानकारी दिए । "त्यस बेला कौरवका ११ अक्षयोनी सेना थिए, पाण्डवका सात अक्षयोनी सेना, भगवान् कृष्ण पाण्डवका पक्षमा हुनुहुन्थ्यो, अर्जुनको सारथिका रूपमा, कौरवका पक्षमा हजुरबा भीष्मपितामह नै सेनापति देखेपछि अर्जुनले युद्ध गर्ने विषयमा शङ्का गरे, विश्वस्त बनाउन उपदेशका रूपमा गीता सुनाइएको हो," उनले भने ।

चार वेदका एक हजार १३१ शाखामध्ये हाल १२ वटा मात्र अस्तित्वमा रही अरू लोप भएजस्तो गीताको ज्ञान लोप नहोस् भनी जनचेतनाका लागि कार्यक्रम आयोजना गर्ने गरिएको जियर शैक्षिक प्रतिष्ठानका अध्यक्ष कुमार अधिकारीले बताए ।

"ऋग्वेदका २१ शाखामध्ये हाल दुई, यजुर्वेदका १०१ शाखामध्ये चार, सामवेदका एक हजार शाखामध्ये चार, अथर्ववेदका नौ शाखामध्ये दुई शाखा मात्र हाल उपलब्ध छन्, अरू लोप भइसके, गीताले पनि यस्तै नियति भोग्नु नपरोस् भनी जनजागरण गर्न गीता जयन्ती कार्यक्रम मनाउन शुरू गरिएको हो," उनले भने ।

प्रतिष्ठानले नौ वर्षअघिदेखि मोक्षदा एकादशी अर्थात् आजका दिन गीता जयन्ती मनाउँदै आएको छ । यसैगरी, गीता मन्दिर स्वयम्भूमा पनि आज कार्यक्रम आयोजना गरिएको छ । विश्व हिन्दू महासङ्घ र यसका विभिन्न शाखाले पनि गीता जयन्तीकै अवसरमा आज राजधानीमा कार्यक्रम आयोजना गरेको जनाइएको छ । यस अवसरमा विभिन्न मन्दिरमा गीता पाठलगायत कार्यक्रमसमेत गरिएको छ । गीतामा भक्ति, ज्ञान र वैराग्य योगका विषयमा चर्चा गरिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अध्यक्ष भट्टराईप्रति श्रद्धाञ्जलि

धनुषा, १८ मङ्सिर/रासस

मिडिया काउन्सिल मधेश प्रदेशका अध्यक्ष शिवहरि भट्टराईको पार्थिव शरीरमा अन्तिम श्रद्धाञ्जलि अर्पण गरिएको छ।



भट्टराईप्रति श्रद्धाञ्जलि अर्पण गर्दै मुख्यमन्त्री गद्दी। तस्वीरः रासस

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दी, अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, प्रदेश नं १ का स्वास्थ्यमन्त्री जयराम यादव र जनता समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवलगायतका शीर्ष नेतृत्वले भट्टराईको गृहनगर राजविराज पुगेर पार्थिव शरीरमा श्रद्धाञ्जलि अर्पण गरेका हुन्।

पत्रकार महासङ्घ सर्लाहीको साधारणसभामा भाग लिन सर्लाही पुगेका भट्टराईको हृदयघातका कारण हिजो सर्लाहीमैं निधन भएको थियो। उनको पार्थिव शरीर आज बिहानैदेखि निजी निवासमा राखिएको थियो।

उनको अन्त्येष्टि आजै साँझ राजविराजमा गरिएको छ।




**पर्वतको परिचय बदल्ने बन्जी...** : बन्जी निर्माणअघि पर्वत धेरैका लागि नौलो नाम सुनिन्थ्यो। पर्वत हुँदै बागलुङ, मुस्ताङ पुग्ने पर्यटकहरूले समेत पर्वतको बारेमा बेखबर देखिन्थे। तर हिजोआज अवस्था त्यस्तो छैन। आन्तरिक तथा बाह्य पर्यटकहरूका कारण यतिबेला सदरमुकाम कुश्माका होटेल तथा रेस्टुरेन्ट व्यवसायहरू फस्टाएका छन्। तस्वीरः रासस

# मधेसी समुदायमाथि अपमानजनक शब्द प्रयोग नगर्न आयोगको अपील

काठमाडौं, १७ मङ्सिर/रासस

मधेसी आयोगले विगत केही दिनदेखि मधेसी समुदायलाई लक्षित गरी विभिन्न व्यक्तिले अपमानजन्य शब्द प्रयोग गरी सामाजिक सद्भावमा खलल पार्ने काम गरिरहेको भन्दै त्यस्ता अमानवीय, गैरसंवैधानिक र गैरकानूनी कार्य नगर्न/नगराउन सबैलाई सचेत गराएको छ।

आयोगले आज विज्ञप्ति जारी गर्दै मधेसी समुदायलाई लक्षित गर्दै विभिन्न व्यक्तिहरूले 'धोती, भैया, मधिसे काले' जस्ता अपमानजनक शब्द प्रयोग गरी सामाजिक सद्भाव भड्काउने कार्य गरिहेकाबारे आयोगसमक्ष विभिन्न उजूरी प्राप्त भएको र यस्ता गैरकानूनी कार्यले राष्ट्रिय एकतामा समेत खलल पार्न सक्ने भएकाले त्यसप्रति आयोग गम्भीर सचेत रहेको जनाएको छ।

आयोगले त्यस्ता उजूरीमाथि तुरुन्त सम्बन्धित निकायलाई पत्राचार गरी छानबीन तथा कडाभन्दा कडा कारबाही गर्नका लागि सिफारिशसमेत गरिरहेको जनाएको छ। आयोगको सिफारिशपश्चात् सम्बन्धित निकायले विभिन्न घटना छानबीन गरी दोषीलाई कानूनी दायरामा समेत ल्याएको तथा यस्ता संवेदनशील घटनामा स्थलगत अनुगमतसमेत हुने गरेको आयोगले सबैमा जानकारी गराएको छ।

"कुनै पनि जात, धर्म, समुदाय वा संस्कृतिमाथि प्रहार गर्नु अमानवीय, गैरसंवैधानिक र गैरकानूनी कार्य हो भन्दै यस्ता कार्यहरू नगर्न/नगराउनु हुन आयोग सबैलाई सचेत गराउँछ। कुनै पनि व्यक्ति वा संस्थाले त्यस्तो गैरकानूनी कार्य गरेमा नेपालको प्रचलित कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुने बेहोरासमेत जानकारीका लागि अनुरोध छ," आयोगको विज्ञप्तिमा भनिएको छ।

"जहाँ समस्या, त्यहीं मधेसी आयोग"को मूलमन्त्रसहित आयोगले आफ्नो संवैधानिक दायराभित्र रही मधेसी समुदायको संरक्षण, संवर्द्धन तथा सशक्तीकरणका लागि अहोरात्र काम गरिरहेको पनि स्पष्ट पारेको छ।

साथै, मधेसी समुदायको अधिकार उल्लघङ्न गर्ने/गराउने र सो समुदायमा प्रहार गर्ने व्यक्ति वा संस्थाको विरुद्धमा आयोग ऐन २०७४ (७) अनुसार उजूरी दिन आयोगले अनुरोध गरेको छ।

टेलिफोन ०१-५२६११८५, हटलाइन ११४८, टोल फ्री १६६००११६१८५ तथा आयोगको सामाजिक सञ्चालनमा इमेलमार्फत सम्पर्क गर्न आयोगले अनुरोध गरेको छ।

# चितवनका तीस प्रतिशत उद्योग बन्द हुने अवस्थामा

चितवन, १८ मङ्सिर/रासस

आर्थिक गतिविधि चलायमान हुन नसक्दा तथा बढ्दो बैंक ब्याजदरका कारण जिल्लामा रहेका ३० प्रतिशत उद्योग बन्द हुने अवस्थामा पुगेका छन्।

उद्योग सङ्घ चितवनले चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ र बढ्दो ब्याजदरको विरोधमा आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा मागमा ठूलो मात्रामा गिरावट आउँदा उद्योग-व्यवसाय धराशयी हुने अवस्थामा पुगेको बताइएको हो। बैंकको ब्याजदर बढ्दा व्यवसायीले ऋण तिर्न नसकी व्यवसाय बन्द गर्नुपरेको सङ्घका अध्यक्ष त्रिलोचन कँडेलले बताए। जिल्लामा यसको प्रभाव प्रत्यक्षरूपमा पोल्ट्री व्यवसाय, खाद्यान्न उद्योग, औषधिजन्य उद्योग तथा निर्माणजन्य सामग्री उत्पादन उद्योगमा परेको सो अवसरमा जानकारी दिइयो।

"झन्डै २५ हजार व्यक्तिले रोजगार गुमाउनुपरेको छ," उनले भने, "चालू पूँजी मार्गदर्शन र बढ्दो ब्याजदरका कारण उद्योग-व्यवसाय धराशयी बन्न पुगेको छ।"

पोल्ट्री क्षेत्रमा अहिले लेयर्स ह्याचरी उद्योग तीन महीनादेखि आवश्यक पर्दा मात्रै चल्ने गरी बन्द भएका र बोइलर ह्याचरी उद्योगसमेत बन्द हुने अवस्थामा पुगेका छन्। साना पोल्ट्री फार्म बन्द भएका र ठूला फार्मसमेत बन्द हुने अवस्थामा पुगेका सङ्घका निवर्तमान अध्यक्ष राजु पौडेलले जानकारी दिए। आर्थिक तरलताका कारण उपभोग्य सामान १८ प्रतिशत, विद्युतीय उपकरण ५५ प्रतिशत, अटोमोबाइल ७५, बीमा ३० तथा घरजग्गा कारोबारमा ५२ प्रतिशतले गिरावट आएको छ।

निजी क्षेत्रबाट गरिएको सर्वेक्षणबाट देखिएको भन्दै पौडेलले जुत्ता, चप्पल ४५ प्रतिशत, स्टील उत्पादन ३१, सिमेन्टलगायत निर्माण सामग्री ४५, प्लास्टिक ३८, पूँजी बजार कारोबार ४० तथा होटल व्यवसायमा ४० प्रतिशतले गिरावट आएको पौडेलले जानकारी दिए। यस्तै, रेस्टुरेन्टमा २० प्रतिशत र पोल्ट्री उद्योगको कारोबारमा ४५ प्रतिशतले गिरावट आएको उनको भनाइ छ।

चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा मूल्य अभिवृद्धि कर ११ दशमलव छ प्रतिशत, अन्तःशुल्क १३ दशमलव पाँच र भन्सार राजस्वमा ३१ दशमलव पाँच प्रतिशतले कमी आउनुले समेत समग्रमा मागमा सङ्कुचन आएको पुष्टि हुने पौडेल बताउँछन्।

उद्योगलाई जीवन्त राख्न सहयोग पुग्ने गरी तरलतासम्बन्धी अनुपातमा अधिकतम लचकता अपनाएर तरलता व्यवस्थापन गर्न सरकारसँग सङ्घले माग गरेको छ।

ब्याजदर एक अङ्कमा सीमित गर्नुपर्ने, उद्योगमा रहेको कर्जालाई उद्योगीले आवश्यकता महसूस गरेमा एकपटकका लागि पुनर्संरचना गर्न पाउनुपर्ने, पुनर्ताजकीकरण गर्न पुस मसान्तसम्मको ब्याजलाई पूँजीकरण गर्न तथा पुनर्कर्जाको सुविधालाई निरन्तरता दिन तथा चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शनलाई दुई वर्षपछि मात्र कार्यान्वयनमा लैजान सङ्घले माग गरेको छ।

पत्रकार सम्मेलमान पूर्वाधार निर्माण अन्तर्गत भएको खर्चको कार्यको भौतिक प्रगति देखिए लगत्तै तत्काल भुक्तानीको व्यवस्था गर्नुपर्ने र अर्थतन्त्रलाई चलायमान बनाउन नियन्त्रित वस्तुको आयात खुकुलो बनाउन नेपाल राष्ट्र बैंकसँग माग गरिएको छ।

माग सम्बोधन नभए व्यवसायीले पुस मसान्तमा कुनै पनि कर बुझाउन नसक्ने बताएका छन्।

# ४३ हजार मेट्रिक टन मल मौज्दात : कृषि मन्त्रालय

काठमाडौं, १८ मङ्सिर/रासस

हिउँदेबालीका लागि करीब ४३ हजार मेट्रिक टन रासायनिक मल मौज्दात रहेको र केही परिमाण मल नेपाल भित्रिने क्रममा रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ।

मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलले हाल २१ हजार ७६४ मेट्रिक टन युरिया, १९ हजार २८६ मेट्रिक टन डिएपी र एक हजार ९३२ मेट्रिक टन पोटास गरी कुल ४२ हजार ९८३ मेट्रिक टन रासायनिक मल मौज्दात रहेको जानकारी दिए।

मौज्दात रहेको यो परिमाणको रासायनिक मलमध्ये कृषि सामग्री कम्पनी लिमिटेडसँग ३५ हजार ४४९ मेट्रिक टन मौज्दात छ। जसमा १५ हजार १७९ मेट्रिक टन युरिया, १८ हजार ४३२ मेट्रिक टन डिएपी र एक हजार ८३७ मेट्रिक टन पोटास छ।

त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेशनसँग छ हजार ५६४ मेट्रिक टन युरिया, ८५४ मेट्रिक टन डिएपी र ९५ मेट्रिक टन पोटास गरी कुल सात हजार ५३४ मेट्रिक टन रासायनिक मल मौज्दात छ।

चालू आर्थिक वर्ष २०७९/८० का लागि मल खरीद गर्न सरकारले रु १६ अर्ब विनियोजन गरेको छ।

चालू आर्थिक वर्षमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमार्फत दुई लाख ५७ हजार मेट्रिक टन रासायनिक मल




खरीदका लागि टेन्डर आह्वान भएको थियो। जसमा एक लाख १० हजार मेट्रिक टन मल आयात भई ८६ हजार ५०० मेट्रिक टन बिक्रीसमेत भइसकेको मन्त्रालयले जनाएको छ।

अहिलेसम्म कृषि सामग्री कम्पनी लिमिटेड ५७ हजार २१२ मेट्रिक टन र साल्ट ट्रेडिङ कर्पोरेशनले २९ हजार ३३ मेट्रिक टन रासायनिक मल बिक्री गरिसकेका छन्।

साथै, २० हजार मेट्रिक टन युरिया पुसको पहिलो हप्ता नेपाल आइपुग्ने पनि कृषि मन्त्रालयले जनाएको छ। टेन्डर भएको बाँकी मल माघ तथा फागुन महीनामा नेपाल आइपुग्ने जानकारी कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनले मन्त्रालयलाई दिएका छन्।

कृषि सामग्री कम्पनी लिमिटेडको २० हजार मेट्रिक टन रासायनिक मलमध्ये पाँच हजार मेट्रिक टन भैरहवा र वीरगंज नाकामा आइसकेको तथा १० हजार मेट्रिक टन मल विशाखापटनमबाट नेपालका लागि निकासी भइसकेको पनि मन्त्रालयको भनाइ छ।

# दुई दशमलव १६ अङ्कले बढ्यो नेप्से

काठमाडौं, १८ मङ्सिर/रासस




नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक दुई दशमलव १६ अङ्कले बढेर एक हजार ९६३ दशमलव २२ अङ्कमा पुगेको छ।

आज भएको कारोबारमा २४३ कम्पनीका ३६ लाख ९४ हजार ८४ कित्ता शेयर रु एक अर्ब ५६ करोड १७ लाख दुई हजार ९९२ मा कारोबार भएको छ। यो दिनको कारोबारमा बैंकिङ, विकास बैंक, वित्त र उत्पादन समूहको उपसूचक घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। आज बैंकिङ समूह नौ दशमलव ४१, विकास बैंक समूह एक दशमलव ६१, वित्त समूह नौ दशमलव ९४ र उत्पादन समूह १३ दशमलव ४० अङ्कले घटेको छ।

वृद्धि देखिएका उपसूचकमा सबैभन्दा बढी जीवन बीमा समूहको उपसूचक एक सय ८३ दशमलव ३६ र निर्जीवन बीमा समूहको उपसूचक ५७ दशमलव ६९ अङ्कले बढेको छ। त्यस्तै, होटल तथा पर्यटन समूहको उपसूचक ४४ दशमलव ५३, लघुवित्त समूहको उपसूचक १६ दशमलव ३५, व्यापार समूहको उपसूचक १५ दशमलव ४४ र अन्य समूहको उपसूचक १० दशमलव ८५ अङ्कले बढेको छ। जलविद्युत् समूहको उपसूचक तीन दशमलव ९८ अङ्कले, लगानी समूहको उपसूचक शून्य दशमलव ४४ अङ्कले र म्युचुअल फन्डको उपसूचक शून्य दशमलव ८ अङ्कले बढेको छ।

आजको कारोबारपछि सबैभन्दा धेरै धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने नेस्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ६ दशमलव ११ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नबिल बैंक लिमिटेडको रु १९ करोड ८० लाख ६७ हजार ४९३ बराबरको कारोबार भयो भने शेयर सङ्ख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको दुई लाख ४८ हजार ७७ कित्ता शेयर कारोबार भएको छ।

# घोर्ले स्याल र बूढो बाघ

मन्तव्य



कुमारबन्धु रुपाखेती

**साना दलहरूले घोत्लिएर सोच्ने अवस्था छ, किनकि जनताले सानाहरूको कोर्टमा फूटबल पुऱ्याइदिएको छ। हेक्का रहोस्, दाँत फुस्केको, नङ्ग्रा नभएको बूढो बाघभन्दा, तन्नेरी स्याल घोर्ले हुन्छ। पशुपतिनाथले सबैको कल्याण गरून् !**

मतदाताहरूले यसपालि ठूला दलहरूलाई लोप्पा खुवाइदिए। दाँत झरेका र नङ्ग्रा खिइएका ठूला दलहरू, तैपनि सरकार बनाउन सर्कस देखाउँदैछन्। सदाझैं जोकडई तालमा ओलीले मुँछमा ताव दिँदै 'बाघ बूढो स्याल तन्नेरी' भनेर अझैं साना र नयाँ दलहरूलाई तर्साउन छाडेका छैनन्। सानो भनेर हेलाँ नगर्नु भन्ने उखान अब नेपाली राजनीतिमा फेरि एकपल्ट चरितार्थ हुनेवाला देखिन्छ। काङ्ग्रेस र एमालेको गर्जनलाई अचेल गर्जिने बादल बर्सिंदैन समेत भन्न थालिएको छ। बाहिर गर्जिएजस्तो अभिनय गर्ने ठूला दलहरू भित्रभित्रै पर्दा पछाडि भने साना दलहरूलाई तुम्हीं हो माता, पिता तुम्हीं हो भन्दै लम्पसार पर्न थालेको समाचार पनि चुहिन थालेको छ। साना दलहरूको आशीर्वादविना केन्द्र र कतिपय प्रदेशमा समेत सरकार बन्ने अवस्था छैन। ठूला दलहरूको अवस्था त फूटबलको कौवा खेलाडीझैं भएको छ। केटाकेटीमा हामीले भकुन्डो खेल्दा कौवा खेलाडी पनि राखिन्थ्यो, कौवाले पक्ष–विपक्ष जता पनि गोल हान्ने सुविधा पाउँछ। देउवा, ओली, प्रचण्ड अब नेपाली राजनीतिका निर्णायक रहेनन्। यिनीहरूले आफ्नो दलको शीर्ष नेता भन्न पनि शरम मान्नुपर्ने हो। निर्णायक अब छोटे दलहरू बनेका छन्। वास्तवमा नयाँ र साना दलहरूको अग्निपरीक्षा अब शुरू भएको छ। तर देश खाएर शेष भएकाहरूका सामने यी छोटेहरू कतिन्जेल टिक्लान् भन्न कठिन छ। हाँडीघोप्टेलाई जति खाए पनि नपुगेझैं देउवा, ओली र प्रचण्ड यी तीनैजना भित्रभित्रै एकपल्ट फेरि प्रधानमन्त्री बनेर रजगज गर्न चाहन्छन्। साना दलहरूलाई मतियार बनाउने काम प्रारम्भ भइसकेको छ। आश्वासनको पोको बोकेर शीर्षकहरू कोठे बैठकमा सरिक भइरहेका छन्। कमजोर राजनैतिक पृष्ठभूमिबाट आएकाहरूसँग मोलमोलाइ पनि भइरहेको छ।

मतदाताहरूले जसरी परिवर्तनको चाहना देखाएका छन्, त्यस अनुसार परिवर्तन असम्भव हुँदै गएको आभास पनि हुन थालेको छ। जसरी निर्वाचनमा मधेस प्रदेशले उपेन्द्र, राजेन्द्रहरूलाई संसदबाट वञ्चित गऱ्यो, त्यसैगरी आम नेपालीको चाहना देउवा, ओली, प्रचण्डलाई प्रधानमन्त्री पदबाट वञ्चित गर्ने र नयाँ अनुहार भित्र्याउने रहेको देखिन्छ। तर यो महत्त्वपूर्ण कुर्सी अझै पनि यिनै नेतात्रयको वरिपरि रुमलिइरहेको देखिन्छ। नयाँ र साना दलहरूले चमत्कार देखाउने यो सुनौलो अवसरलाई कसरी उपयोग गर्ने हुन् भन्न गाऱ्हो छ। सडकमा हुन्जेल जनताको कुरा गर्ने, सदनमा पुगेपछि कुर्सीको परिक्रमा गर्ने हाम्रो पुरानै परम्परा छ। अब उतिबेला जस्तो सूर्यबहादुर र लोकेन्द्र बहादुर पनि संसद्मा छैनन्, जो काङ्ग्रेस, एमालेको टाउकोमा टेकेर प्रधानमन्त्री बने।

कुनै जमानामा अल्पमतको होइन, बहुमतको सरकार भन्ने एमाले र अपार जनसमर्थन रहेको भन्ने काङ्ग्रेसले बहुमत र दुईतिहाई बहुमतको सरकार बनाउँदा समेत मुलुक झन्झन् कमजोर हुँदै गएको इतिहास साक्षी छ। अब त यिनीहरूसँग न अल्पमत छ, न अपार जनसमर्थन नै। सङ्क्षेपमा भन्ने हो भने सरकारको नेतृत्व गर्ने हैसियत नै छैन यिनीहरूसँग। अझ देउवाको काङ्ग्रेसमा त देउवालाई संसदीय दलको नेताबाट हटाउने खेला पनि चालू छ, कमोबेस ओलीको हविगत पनि यस्तै छ। ओली र देउवालाई त स्वास्थ्यले समेत जवाफ दिन थालिसकेको देखिन्छ। यिनीहरूले बुझ्नुपर्छ– स्वास्थ्य नै धन हो त्यसैले साना दलहरूले घोत्लिएर सोच्ने अवस्था छ, किनकि जनताले सानाहरूको कोर्टमा फूटबल पुऱ्याएको छ। हेक्का रहोस्, दाँत फुस्किएको, नङ्ग्रा नभएको बूढो बाघभन्दा, तन्नेरी स्याल घोर्ले हुन्छ। पशुपतिनाथले सबैको कल्याण गरून् !

# इतिहास रच्ने नेपाली महिला : डा परियार

–सुशील दर्नाल

काठमाडौं, १८ असोज/रासस

भनिन्छ, 'अभावले मानिसलाई सङ्घर्ष गर्न सिकाउँछ, अनि सङ्घर्षले सफलता मिल्छ।' त्यही भनाइलाई पछ्याउँदै विभिन्न समस्या र अभावका बीचबाट निरन्तर सङ्घर्ष गरी सामाजिक अभियन्ता डा विष्णुमाया परियारले विश्वमा इतिहास रचेकी छन्। सन् १९७३ डिसेम्बर १९ मा गोरखाको दुर्गम ताक्लुङ गाविस कोट गाउँको दलित परिवारमा जन्मिएकी विष्णुमायाबारे अमेरिकाका चर्चित नागरिक अधिकारकर्मी रोजा पार्कसमेत समावेश भएको पाठ्यपुस्तकमा समावेश गरिएको छ।

विश्वको इतिहास र भूगोल विषयको १२ नम्बर च्याप्टरमा वृत्तचित्र 'अनटचेबल' शीर्षकमा समावेश गरिएको विभिन्न 'भिडियो स्लाइड शो'का माध्यमबाट पढाइ हुन्छ। असमानता र जातीय भेदभाव तथा छुवाछूतबारे रोजालाई उद्धृत गरेर बुझाएपछि उदाहरणका रूपमा विष्णुमाया परियारलाई राखिएको छ। उनी भन्छिन्, "अनटचेबल शीर्षकमा नेपालमा स्थापना गरिएको दलित महिला उत्थान सङ्घ (एड्वान)मार्फत भएका कामबारे छलफल गराइन्छ, २० मिनेट मेरोबारेमा पढाइ हुन्छ, अछूत र जातीय प्रणालीलाई संयुक्त राष्ट्रसङ्घको दिगो विकाससँग जोडेर पढाइ हुन्छ।" सो पाठमा विभेदबारे जानकारी गराउने आठवटा स्लाइड राखिएको छ। पाठ मासाचुसेट्सका सबै सरकारी विद्यालयमा लागू गरिएको विष्णुमायाले जानकारी दिइन्।

त्यसैगरी, 'दि राइटर्स माइन्डसेट' पुस्तकमा ५२ जनाको जीवनी उल्लेख भएकोमा विष्णुमायाको कथा पनि समावेश गरिएको छ। पुस्तकका ६९२ पृष्ठमध्ये ५९१–५९४ बीचको चार पृष्ठमा विष्णुमायाका बारेमा उल्लेख छ। डा लिसा हफ्नरद्वारा लिखित 'दि राइटर्स माइन्डसेट' अमेरिकाको टेक्सास म्यक्लेनन कम्युनिटी कलेजमा १९८९ देखि अध्ययन हुँदै आएको छ। यसभन्दा पहिले पनि नेपाली अछूत भनिएका महिलाका कथा ११ सयभन्दा बढी विद्यालय, क्याम्पस र विश्वविद्यालयमा पढाइ भएको थियो। एड्वानकी संस्थापक तथा सिटी शहरकी महिला आयोग सदस्य विष्णुमायाले प्यासिफिक आइल्यान्डरकी कमिश्नर भएर काम गरिरहेकी छन्। विष्णुमायाले न्यूजर्सी सिटीमा मेयरको सल्लाहकार समितिमा रहेर काम गरेका थियो।

**सङ्घर्षपूर्ण बाल्यकाल**

बुबा रूपबहादुर परियार र आमा फनमाया परियारकी ठाहिंली छोरी डा विष्णुमायाको परिवारमा १० दिदीबहिनी र एक छोरा छन्। गरीबी, अभावसँगै



डा विष्णुमाया परियार। तस्वीरः रासस

समाजमा व्याप्त अछूत हुनुको पीडा। सदियौंदेखि दलित समुदायले भोग्दै आएको छुवाछूतको पीडाले उनको बालमस्तिष्कलाई नराम्ररी प्रभावित बनाउँथ्यो।

जातीय भेदभाव तथा छुवाछूत मात्रै हैन, छोरीलाई पढाउनुपर्छ भन्ने चेतना पनि त्यति बेला खुलेकै थिएन। बुबा रूपबहादुरको काम भनेको विष्ट (उपल्लो जात भनिएका व्यक्ति)कहाँ लुगा सिलाउने थियो भने आमा फनमाया तिनै विष्टका घरमा बाली उठाउन हिंड्ने गर्थिइन्। विष्णुमाया भन्छिन्, "मेरो बाबाले हजारौं कपडालाई नयाँ स्वरूप दिनुभयो, कति कलका सिगोहरू भाँचिए, आमाले बाली बोक्ने कति डोकाहरू फाटे, तर आफ्नो परिवारमा कहिल्यै काँचुली फेरिएन, शरीरले कहिल्यै चम्किलो कपडा देखेन। बुबा नभएको भए म यो ठाउँमा हुने कल्पनासम्म पनि गर्न सक्थिनँ।"

अहिले अमेरिकाको पाइन म्यानर कलेजले मानार्थ डाक्टरको उपाधि दिए पनि विष्णुमायाको जीवनको सुरुआती दिनहरू अहिलेको जस्ता थिएनन्। विद्यालयमा पढ्दा विष्णुमायाले तिर्खाएका बेला धारामा गएर पानी खान पाउँथिनन्। सरस्वती पूजाको दिन पूजा गर्न मनाही थियो। यो सम्झँदा विष्णुमायाका आँखाका डिल रसाउँछन्। विष्टको घरमा खाना खाएपछि आफैंले भाडा माझ्नुपर्थ्यो, खाएको ठाउँमा गोबरले पोत्नुपर्ने र सुनपानीले छर्किनुपर्ने। आफू सानै छँदा सोधिएको जिज्ञासामा बुबा रूपबहादुरको जवाफ "यो जातीय विभेद हो छोरी, तिमीहरू यसको विरुद्धमा लड्नुपर्छ" भन्ने भनाइ नै विष्णुमायालाई जीवनको मूल मन्त्र बन्यो। त्यसैले होला विष्णुमायाको कलिलो दिमागमा विद्रोहको भाव आयो– "बरु म यतिकै तिर्खाले मर्छु तर अन्जुलीमा पानी थापेर खान्नँ।"

बुबाले पढ्न पठाउने मन गरे पनि पढ्नका लागि चाहिने वातावरण घरमा थिएन। तर पनि विष्णुमायाले हिम्मत हारिनन्। उनले कक्षा ७ सम्म स्थानीय श्री सिञ्जाली माविमा अध्ययन गरिन्। घरमा चरम आर्थिक अभाव थियो। त्यसपछि घरको आर्थिक अवस्था कमजोर भएपनि साढे दुई घण्टाको दूरी हिंडेर अर्को गाउँको विद्यालयमा पढ्न जान्थिइन् विष्णुमाया। उनले भन्छिन्, "ठूलो परिवार थियो, त्यसैमाथि गरीबी, गरीबीका कारण घरमा चामलको भात देख्न पाइँदैनथियो।" अर्को गाउँको विद्यालय मनकामनाबाट विष्णुमायाले कक्षा १० पास गरिन्। "एसएलसीमा राम्रो गर्नको लागि म घ्याल्चोक भन्ने ठाउँमा पढ्न गएँ, त्यति बेला एकजना क्षेत्रीको गोठमा बसेको थिएँ, मेरा साथीहरू नेवार थरका हुनुहुन्थ्यो, सबैले खाइसकेपछि मात्रै मैले खाना खानुपर्थ्यो। खाना खाएपछि भाँडा माझेर आफू बसेको ठाउँमा गोबरले लिप्नुपर्थ्यो, सुकेपछि आगो र सुनपानी छर्किएर उनीहरू 'पवित्र' पार्थे" उनले भनिन्।

आर्थिक अभावका बीच विष्णुमायाले २०४८ सालमा एसएलसी उत्तीर्ण गरिन्। एसएलसी दिँदै गर्दा अमेरिकी स्वयंसेवी संस्था पिसकोरका स्वयंसेवक जोन रूकम्यानसँग भेट भयो। विष्णुमायाको प्रतिभा देखेर उच्च शिक्षा आर्जनका लागि जोनबाट सघाउने आश्वासन पाएको दिन विष्णुमायालाई संसार जितेजस्तो भयो। दलित परिवारबाट एसएलसी गर्ने पहिलो छात्रा बनेकी विष्णुमायालाई आफ्ना बुबासँग ६० रुपियाँ लिएर काठमाडौं झरिन्। काठमाडौंमा पनि छुवाछूत उस्तै थियो। दलित भनेपछि कोठा भाडामा पाउनै समस्या। काठमाडौंमा उनले अभावसँगै छुवाछूतलाई पनि सामना गरिन्।

काठमाडौंमा पद्मकन्या क्याम्पसमा अध्ययन गरिन्। पढाइसँगै उनले उपेक्षित समुदायका लागि लघुवित्त परियोजनामा तराईका केही जिल्लामा काम शुरू गरिन्। सन् १९९९ मा विष्णुमाया अमेरिका पुगिन्। त्यहाँ उनले पाइन म्यानर कलेज बोस्टनबाट 'सोसियल एन्ड पोलिटिकल सिस्टम' विषयमा स्नातक गरिन्। सानैदेखि पढाइमा अब्बल विष्णुमाया संसारमैं ३० जनाको मात्र कोटा भएको क्लार्क युनिभर्सिटीमा 'अन्तर्राष्ट्रिय विकास तथा सामाजिक परिवर्तनमा' छात्रवृत्ति पाउने नेपालकी पहिलो महिला हुन्। त्यसै बेला विष्णुमायाले पस्मिनाका सलहरू अमेरिकामा बेचेर नेपालका विपन्न परिवारलाई आर्थिक सहयोगसमेत गरिन्। त्यसबाट उनले वर्षमा २८ लाखसम्मको व्यापार गरेर नेपालको शिक्षा, महिला सशक्तीकरण र सामाजिक काममा सहयोग गरिन्। अमेरिका गएपछि सबैभन्दा पहिले सामाजिक कामसँगै विष्णुमायाको काम अङ्ग्रेजी सिक्ने भयो। त्यसका लागि उनी नर्थ इस्टर्न युनिभर्सिटीमा भर्ना भइन्।

**सम्मान तथा पुरस्कार**

डा विष्णुमायालाई सन् २००६ मा हार्वर्ड विश्वविद्यालयले ब्रिज बिल्डर अवार्डबाट सम्मान गरेको थियो। जुन सम्मान विश्वका छ व्यक्तिलाई मात्रै प्रदान गरिएको थियो। सन् २००६ मा संयुक्त राष्ट्रसङ्घले पाँच हजार डलरसहित मानव अधिकार पुरस्कार दिएको थियो। त्यो पुरस्कार विश्वका छजनाले मात्र पाएका थिए। सन् २००७ मा विश्व बैंकले विश्वका ११ जना व्यक्तिलाई प्रदान गरेको ११ हजार डलरसहितको पुरस्कार प्राप्त गरेकी थिइन्। अमेरिकाको क्लार्क विश्वविद्यालयबाट सामाजिक परिवर्तन र अन्तर्राष्ट्रिय विकासमा स्नातकोत्तर विष्णुमायालाई पाइन म्यानर कलेजले सन् २०१३ मा 'अनररी डक्टरेड' (वियोन्ड द पिएचडी)ले सम्मान गऱ्यो। ग्लोबल युथ लिडरशिप अवार्ड २०१९, ब्रिज बिल्डर अवार्ड र प्रेसिडेन्ट कप अवार्डबाट उनलाई सम्मान गरिएको थियो।

अमेरिकाको केन्टकी राज्यमा २७ सेप्टेम्बर, २०१५ मा 'विष्णुमाया परियार डे' घोषणा गरेर सेलिब्रेट गरियो। अन्तर्राष्ट्रिय कलाकार समाज (इनास) अमेरिकाले हालै उनीसहित ११ नेपाली व्यक्तित्वलाई सम्मानित गरेको छ। विष्णुमायाले नेपालको इन्द्रावती गाउँपालिका र जर्सी सिटीबीच भगेनी सम्बन्ध स्थापित गरेकी छन्। उनले

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# उल्टो हिंड्नुको फाइदा

शरीर स्वस्थ राख्नको लागि थुप्रै प्रकारका कसरत गर्न सकिन्छ। संसारका विज्ञहरूले हिंड्डुल गर्नुलाई सबैभन्दा राम्रो कसरत मान्छन् किनभने बच्चादेखि बूढो जोसुकैले हिंड्डुल गर्न सक्छ। तर सीधा हिंड्नुभन्दा उल्टो हिंड्नु स्वास्थ्यको लागि फाइदाजनक मानिन्छ। यसबाट हाम्रो दिमाग र शरीरबीच राम्रो सन्तुलन बन्छ। प्रतिदिन २० देखि ३० मिनेट उल्टो हिंड्दा मिर्गौला, उच्च रक्तचाप र मधुमेहसम्बन्धी समस्याबाट आराम पाउन सकिन्छ।




उल्टो हिंड्दा घुँडासम्बन्धी समस्या कम गर्न सकिन्छ। यसबाट घुँडा दुख्ने, तनाव र सुन्निने जस्ता समस्याबाट छुटकारा पाउन सकिन्छ। खुट्टामा चोट वा गठियाबाट पीडित व्यक्तिको लागि उल्टो हिंड्नु राम्रो उपाय मानिन्छ।

पिठ्यूँका दुखाइ हुनेहरू उल्टो हिंड्दा यसले पिठ्यूँका मांसपेशीको राम्रो कसरत गर्छ। यसको अलावा उल्टो हिंड्दा मेरुदण्डसम्बन्धी समस्या कम हुन्छ र कमर दुखाइमा आराम पुग्छ।

मानसिक स्वास्थ्यको लागि उल्टो हिंड्दा निकै फाइदा पुग्छ। यसले मस्तिष्कको राम्रो कसरत गराउँछ। प्रतिदिन उल्टो हिंड्दा अवसाद र एंग्जाइटीजस्ता मानसिक रोगबाट पनि छुटकारा पाउन सकिन्छ।

त्यस्तै, उल्टो हिंड्दा खुट्टाको पछाडिको मांसपेशीको राम्रो कसरत हुन्छ। यसबाट खुट्टा मजबूत हुन्छ। साधारण हिंड्डुल गर्दा खुट्टामा धेरै जोड पर्दैन।

मस्तिष्क र शरीरबीच सन्तुलन बनाउन उल्टो हिंड्डुल गर्दा निकै फाइदा पुग्छ। सीधा हिंड्नुको साटो उल्टो हिंड्दा यसबाट हाम्रो दिमागको पूरै ध्यान शरीरको चलखेलप्रति हुन्छ। यसबाट शरीरको सन्तुलन र दिमागको एकाग्रता पनि बढ्छ।

वजन कम गर्न चाहनेले उल्टो हिंड्नुपर्छ। उल्टो हिंड्दा शरीरको अगाडि र पछाडिको भागबीच सन्तुलन बनाउनुपर्छ, जसले गर्दा शरीर टाइट हुन्छ र वजन चाँडै कम हुन्छ।

# तम्बाकुको पातबाट कोकिन

सदीऔंदेखि कोकिन औषधिको रूपमा प्रयोग गरिंदै आएको छ। यद्यपि केही व्यक्तिले यसलाई नशाको रूपमा सेवन गर्छन्। कोकिन कोका बिरुवाबाट निकालिन्छ। वैज्ञानिकहरू हालै तम्बाकुको पातबाट कोकिन बनाउन सफल भएका छन्।



चीनको कुनमिङ इन्स्टिच्युट अफ बोटनीका शोधकर्ताहरूले तम्बाकुको पातलाई कोकिनमा परिणत गरेका छन्। यो प्रक्रिया निकै जटिल रहेको उनीहरूले बताएका छन्। कोकिनको अलावा यी पातलाई अन्य राम्रो काममा प्रयोग गर्नको लागि तयार गरिंदैछ।

कोकिन भनेको एक प्रकारको कार्बनिक अणु हो, जुन ट्रोपेन एल्केलाइड्सको श्रेणीमा आउँछ। यसलाई बिरुवाबाट निकालिन्छ, यो पूर्णरूपमा शाकाहारी हुन्छ। मान्छेले यसको पैदावार आफ्नो आवश्यकताको हिसाबले गर्दैछन्। पुरानो जमानामा मानिस कोकाको पात चपाएर ऊर्जा प्राप्त गर्दथे। आज पनि रोगीलाई एनेस्थिसियाको रूपमा यो दिइन्छ।

वैज्ञानिकले कोकिनका छ जिन्स तम्बाकुको बिरुवामा लगाए। यसको माध्यमबाट इन्जिनीयर्ड तम्बाकु प्लान्टबाट कोकिन बनाइएको हो। यसबाट कोकिनसँग सम्बन्धित औषधि बनाइने बताइएको छ।

# झूटो बोल्नु पनि एउटा बिमारी

झूटो बोल्नु पनि एउटा बिमारी हो, संसारमा धेरैजनाले अनजानमा झूटो बोल्ने गर्छन्। जसले गर्दा थुप्रै समस्या निम्तिन्छन्। अमेरिकाको थिएटर आर्टिस्ट र प्रोड्युसर क्रिस्टोफर मसीमाइनलाई झूटो बोल्ने बानी थियो, जसले गर्दा उनी प्रायः समस्यामा हुन्थे। यसै कारण उनको जागीर पनि गयो र पत्नीसँग पनि छुट्टिनुपऱ्यो।



उनको झूटो बोल्ने दायरा निकै ठूलो थियो। एकपटक उनले दाबी गर्दै भनेका थिए– मैले सगरमाथा चढिसकें, जबकि उनी कम्बोडियाको कुनै होटलमा थिए। उनले ह्वाइट हाउसबाट अवार्ड पाएको पनि दाबी गरेका छन्। उनी चिकित्सकसँग पनि झूटो बोल्ने गर्दथे। उनी भन्छन्– झूटो बोल्नु जालसाजी होइन, बरु यो मेरो मानसिक रोग हो।

क्रिस्टोफरलाई क्लस्टर बी पर्सनालिटी डिसअर्डर छ, यस सिन्ड्रोममा व्यक्ति अरूको ध्यान आकर्षित गर्न झूटो बोल्ने गर्छन्। उनकी पत्नी मैगी भन्छिन्– उनले झूटो बोल्छन् कि साँचो बुझ्न सक्दिनँ। उनी सानै उमेरदेखि झूटो बोल्दै आइरहेका छन्।

मिशिगन युनिभर्सिटीको सर्भे अनुसार अमेरिकामा ५.३ प्रतिशत मानिस दिनभरिमा औसत १५ पटक झूटो बोल्छन्। नेता र पसले भएका कारण पनि उनीहरू झूटो बोल्छन्। यस्ता झूटो बोल्ने बिरामीलाई थेरापीको मदतले ठीक गरिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पश्चिम बङ्गालमा बम प्रहारमा तीनजनाको मृत्यु



बम विस्फोटबाट क्षतिग्रस्त घर। तस्वीरः सिन्हवा

नयाँ दिल्ली, १८ मङ्सिर/सिन्हवा

भारतको पश्चिम बङ्गालमा शनिवार राति बम विस्फोट गराएर कम्तीमा पनि तीनजनाको ज्यान लिइएको समाचारमा जनाइएको छ। यसरी ज्यान जानेमा यहाँको एक राजनीतिक दल त्रिणमूल कङ्ग्रेसका नेता पनि परेका छन्। उनको घरमा नै बम विस्फोट गराइएको थियो। भारतीय राज्य पश्चिम बङ्गालको मणिपुर जिल्लास्थित भूपतिनगरमा रहेको त्रिणमूल कङ्ग्रेसका नेता राजकुमार मन्नाको घरमा शनिवार राति बम विस्फोट भएको थियो। सो विस्फोटमा परेर उनको पनि निधन भएको छ।

सो विस्फोटमा परेर उनीबाहेक अरू दुईजनाको पनि ज्यान गएको बताइएको छ। मारिएका अरू दुईजनामध्ये एकजना मन्नाका भाइ र अर्का एकजना सो दलका कार्यकर्ता रहेको बताइएको छ।

सो घटना भएपछि राति नै प्रहरी घटनास्थलमा पुगेको थियो। बम विस्फोटबाट सो घर जलेर पूर्णरूपमा ध्वस्त भएको पनि प्रहरीले जानकारी दिएको छ।

प्रहरीले उक्त घटनाको अनुसन्धान थालेको जनाएको छ। प्रहरीले यसको अनुसन्धान शुरू भइसकेको तर उक्त विस्फोट र हत्याको कारण अहिले नै स्पष्ट नभएको जनाएको छ। तर भारतीय जनता पार्टीको पश्चिम बङ्गालका नेताले भने मन्नाको घरमा नै बम बनाइएको र बम बनाउने क्रममा विस्फोट भएर सो दुर्घटना भएको जनाएका छन्। उनले उक्त घटनाको अनुसन्धान गर्न पनि माग गरेका छन्। रासस

## सैनिक कारबाईमा आतङ्ककारी समूहका एक कमान्डरको मृत्यु

इस्लामाबाद, १८ मङ्सिर/सिन्हवा

पाकिस्तानको सेनाले जारी राखेको आतङ्ककारीविरुद्धको कारबाईका क्रममा शनिवार एक आतङ्ककारी समूहका कमान्डरको ज्यान गएको बताइएको छ। पाकिस्तानको उत्तरी वाजिरिस्तानमा ती कमान्डरमा मारिएका यहाँको सेनाले जानकारी दिएको छ। शनिवार राति पाकिस्तानी सेनाले गरेको विशेष कारबाईमा उनी मारिएका यहाँको सेनाले प्रकाशन गरेको विज्ञप्तिमा जानकारी दिइएको छ।

पाकिस्तानी सेनाको मिडिया विभाग, आइएसपिआरले सो कुराको जानकारी गराएको हो। उत्तरी वाजिरिस्तानको सेवा जिल्लामा सेना र आतङ्ककारी समूहका सदस्यका बीचमा दुई पक्षीय भिडन्त भएको थियो।

दुवैतर्फबाट गोली प्रहार भएको र सैनिकको गोली लागेर ती कमान्डर सरकाई छद्म नामले चिनिने मोहम्मद नुर मारिएका हुन्। उनले सो क्षेत्रका सर्वसाधारण तथा प्रहरीको हत्या गर्ने, मानिसलाई अपहरण गर्ने र फिरौती माग्ने जस्ता काम गरेका थिए।

उनी यहाँका सुरक्षा निकायको सर्वाधिक खोजीको सूचीमा रहेका पनि सो विज्ञप्तिमा जनाइएको छ। पाकिस्तानी सेनाले यहाँका नागरिकको सर्वाधिक खोजीको सूचीमा रहेका मोहम्मद नुरको ज्यान गएको र त्यस कारबाईका क्रममा अरू केही आतङ्ककारी तथा पाकिस्तानी सेनाका सदस्य घाइते भएको पुष्टि गरेको छ। रासस

## लेबनानी शरणार्थीलाई सहयोग गर्न संयुक्त राष्ट्रसङ्घको आग्रह

बेरुत, १८ मङ्सिर/सिन्हवा

संयुक्त राष्ट्रसङ्घले लेबनानका शरणार्थीहरूका लागि सहयोग उपलब्ध गराउन आग्रह गरेको छ। संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्च आयुक्तले सो आग्रह गरेका हुन्।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी आयोगका उच्च आयुक्त फिलिपो ग्रान्डीले लेबनानमा पछिल्लो समयमा शरणार्थीहरूको सङ्ख्या निकै बढ्दै गएको र यहाँ उनीहरूका लागि आवश्यक मात्रामा सहयोग पनि नपुगेकाले सो आग्रह गरेका हुन्।

ग्रान्डी तीन दिनको भ्रमणका क्रममा लेबनान आएका थिए। सो भ्रमण सकेर शनिवार फर्किने क्रममा उनले लेबनानमा दशौं हजारजना शरणार्थीलाई हाल सामान्य सहयोग मात्र गरिएको र उनीहरूको भविष्य सुनिश्चित हुने खालको कुनै दिगो सहयोग प्राप्त हुन नसकेको बताएका छन्। उनले सिरियाबाट आएर पनि लेबनानमा शरणार्थीका रूपमा मानिसहरू रहेकाले उनीहरूलाई आवश्यक मात्रामा र दिगो सहयोग पुर्‍याउनुपर्ने बताएको लेबनानमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनले शनिवार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ।

लेबनानमा ठूलो सङ्ख्यामा विदेशी शरणार्थीहरू आएर बसेका छन्। एक प्रतिवेदन अनुसार हाल लेबनानमा कम्तीमा पनि २० लाख शरणार्थी रहेका छन्। ती शरणार्थीमा अधिकांश सिरियाली भएको बताइएको छ। रासस

## इतिहास रच्ने ...

अमेरिकाको न्यूजर्सी सिटीमा नेपाली झन्डा फहराएकी थिइन्।

**समाजसेवामा समर्पित**

आफू दलित भएकै कारण भोग्नुपरेका पीडा अरूले भोग्न नपरोस् भन्ने उद्देश्यले दलित समुदायका महिलाहरूलाई सङ्गठित बनाउँदै उनीहरूको आर्थिक र शैक्षिक विकास गर्न विष्णुमायाले सन् १९९८ मा दलित महिला सङ्घ (एड्वान) स्थापना गरिन्। हाल उनी सो संस्थाको संरक्षक रहेकी छन्।

एड्वानले अहिले नौ जिल्लामा १११ वटा महिलाको समूह निर्माण गरिसकेको अध्यक्ष बिन्दु परियारले जानकारी दिइन्। उनले भनिन्, "अहिले करीब ६० हजारभन्दा बढी महिला संलग्न भएर एड्वानका गतिविधिमार्फत सहयोग लिइरहेका छन्, त्यसबाट उद्यमी बन्नुका साथै नेतृत्व क्षमता विकास गरिरहेका छन्।" एड्वानले अढाई हजारभन्दा बढी बालबालिकालाई विद्यालय, कलेज र विश्वविद्यालय पढ्न छात्रवृत्ति प्रदान गरेको छ। पछिल्लो समयमा एड्वानले दलित समुदायका महिलालाई ऐन/कानून र संविधानबारे क्षमता विकासका कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ।

विष्णुमायाले २०७२ सालको भूकम्पको समयमा चार सय भूकम्प पीडितको घरनिर्माणमा सहयोग जुटाउने काम गरिन्। विष्णुमायालाई देश र समुदायको लागि यतिधेरै गरेर पुगेको छैन। हाल अमेरिकामैं रहेकी उनी केही समयअघि नेपाल आउँदा भएको भेटवार्ताको क्रममा उनले नेपाललाई अझै चिनाउन बाँकी रहेको बताएकी थिइन्। उनले भनिन्, "म एउटा सपना बोकेर हिंड्ने मान्छे हो, म एउटा खुड्किलोमा चढ्छु, फेरि अर्को खड्किलो चढ्न मन लाग्छ, जे गर्नु छ त्यसमा मात्रै केन्द्रित हुने मेरो स्वभावले नै मलाई सफलता हासिल भएको छ। अरूले के भन्ला भन्नेमा चासो लाग्दैन।"

संसारका विश्वविद्यालयमा अध्ययन हुने विष्णुमायाबारे भने नेपाल सरकार बेखबर छ। यसमा भने विष्णुमायालाई दुःख लाग्छ। "मैले जे गरेको छु, त्यो नेपाल र नेपालीका लागि गरेको छु, मेरोबारेमा विश्वका अरू मानिसले चासो राखेका हुन्छन् र नेपाल सरकारले अहिलेसम्म सम्झेको छैन, खोजेको छैन।"


### लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

**सभ्य समाजको पहिचानः लैङ्गिक हिंसाविरुद्धको अभियान**

बालविवाह, दाइजोप्रथा, बोक्सीप्रथा जस्ता लैङ्गिक हिंसाका घटना कानूनतः दण्डनीय कार्य हो। यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई कसूर अनुसार कैद तथा दण्ड जरिवानाको कानूनी व्यवस्था रहेको छ। यस्ता घटना भएको जानकारी पाउनासाथ जो कोहीले नजीकैको प्रहरी कार्यालय वा आपत्कालीन सहयोगको लागि पैसा नलाग्ने नेपाल प्रहरीको १००, राष्ट्रिय महिला आयोगको ११४५, बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलाश केन्द्रको १०४ नम्बरमा फोन गरी जानकारी दिन सकिनेछ।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – खर्चवृद्धि |
| मिथुन – धनलाभ | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – व्यापारवृद्धि | वृश्चिक – कडाश्रम |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## तीसजनालाई नगरप्रमुख कलवारले दिए ह्वील चेयर



तस्वीरः प्रतीक

प्रस, गरुडा, १८ मङ्सिर/

रौतहटको गरुडा नगरपालिकाका प्रमुख कन्थमणिप्रसाद कलवारले अपाङ्गहरूलाई ह्वील चेयर प्रदान गरेका छन्। रोटरी क्लब धुलिखेल र गरुडा नगरपालिकाको सहकार्यमा नगर क्षेत्रभित्रका ३० जनालाई निश्शुल्क ह्वील चेयर नगरप्रमुख कलवारले प्रदान गरेका हुन्।

३१औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसर पारेर नगरप्रमुख कलवारले फरक क्षमता भएका प्रतिभावान् व्यक्तिहरूलाई नगरपालिकाले निरन्तर सहयोग गरिरहने प्रतिबद्धता व्यक्त गरेका छन्। कुनै पनि किसिमको अपाङ्गता भएका व्यक्तिमा फरक किसिमको क्षमता रहेको हुनाले अवसर मिलाउन विभिन्न सङ्घसंस्थासित नगरपालिका सहकार्य गर्न तयार रहेको पनि बताएका छन्।

एक समारोहमा नगरप्रमुखले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको रोहबरमा ह्वील चियर प्रदान गरेका हुन्। ह्वील चियर प्राप्त गर्नेहरू निकै खुशी भएका र आवतजावत गर्न अब निकै सहुलियत हुने बताएका छन्।

ह्वील चेयर प्राप्त गरेपछि आफूलाई निकै खुशी लागेको एकजनाले बताएका छन्। पहिलेदेखि पनि ह्वील चेयर प्रयोग गरिरहेका तिनले भने– आज प्राप्त गरेको ह्वील चेयर आरामदायी र सजिलो गुड्ने छ।

## निवर्तमान गापा अध्यक्षलगायत ११ जना विरुद्ध विशेष अदालतमा मुद्दा

प्रस, सर्लाही, १८ मङ्सिर/

सर्लाही जिल्लाको चक्रघट्टा गाउँपालिकाका निवर्तमान अध्यक्ष विक्रम यादवसहित ११ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ।

मुद्दा दायर गरिएकाहरूमा निवर्तमान अध्यक्ष यादवसहित निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेशकुमार पाठक, इन्जिनीयर अजय यादव, लेखापाल शिवशङ्करप्रसाद कुशवाहा, वडा नं ४ का अध्यक्ष अब्दुल अहमद कवारी, सो गाउँ कार्यपालिकाका निवर्तमान सदस्यहरू विजयकुमार चौधरी र विनोद साहविरुद्ध मुद्दा दायर भएको हो।

त्यसैगरी, सबइन्जिनीयर जीतेन्द्र यादव, उपभोक्ता समितिका अध्यक्ष शेख मोहम्मद इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मोहम्मद इरफानविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा दायर भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको





तस्वीरः फाइल

कार्यालय बर्दिवासले आइतवार जनाएको छ।

सो गाउँपालिकाको वडा नं ४ सुन्दरपुरस्थित स्थानीय वहिदको जग्गादेखि ढङ्ग्रा खोलासम्म पक्की नाला निर्माण गर्ने कार्यमा गुणस्तरहीन कार्य गरी रकम हिनामिना गरेको भन्ने उजूरी परेको थियो। सो उजूरीमाथि अख्तियारले छानबीन गर्दा दोषी ठहर हुने पर्याप्त प्रमाणहरू फेला परेकाले उक्त अनियमिततामा संलग्नहरूविरुद्ध मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ।

"उनीहरूले सरकारी सम्पत्ति हिनामिना गरेको पाइयो," अनुसन्धानमा संलग्न एकजना अधिकारीले भने। निर्माणस्थलमा भए गरेको कार्यभन्दा बढी तथा साइटमा नगरेको परिमाणको कामको झूटा प्रतिवेदन तथा बिल भरपाई बनाइ सरकारी रकम हिनामिना गरेको अख्तियारको ठहर छ।

## बारामा तेलहनखेती बढ्यो

कलैया, १८ मङ्सिर/रासस

यस वर्ष बारामा तेलहनखेतीको क्षेत्रफल वृद्धि भएको छ। कृषि ज्ञान केन्द्रका अनुसार ३० हेक्टर क्षेत्रफल अर्थात् किसानले १० हजार ३०० हेक्टर क्षेत्रफलमा तेलहनखेती गरेका छन्। गत वर्ष १० हजार २७० हेक्टरमा खेती गरिएको थियो।

केन्द्रका प्रमुख जीतेन्द्र यादवले तेलहनबालीको उपादकत्वमा विगतका केही वर्षदेखि प्रतिहेक्टर एक मेट्रिक टन उत्पादन हुने गरेको बताए। उनका अनुसार आव २०७२/७३ मा भने प्रतिहेक्टर एक दशमलव १० मेट्रिक टन उत्पादकत्व रहेको थियो। विसं २०७३ देखि २०७७ सम्ममा कृषकले ११ हजारदेखि १२ हजार हेक्टर क्षेत्रफलमा खेती गर्दै आए पनि उत्पादकत्वमा भने उल्लेख्य सुधार नभई वृद्धिमा कमी हुँदै आएको थियो।

गुणस्तरीय बीउको उत्पादन नहुनु, कृषकले आफ्नै घरमा रहेको बीउको प्रयोग गर्नु, समयमा मलखाद चाहिने जति प्रयोग नगर्नुजस्ता कारणले पनि उत्पादकत्वमा कमी आएको उनले जानकारी दिए।

### सच्याइएको

हिजो प्रकाशित 'एमाले पर्साको समीक्षा बैठक' शीर्षकको समाचारमा कारबाईमा पर्नेहरूमा पूर्व जिल्ला कमिटी सदस्य मुस्ताक अन्सारी हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ। प्रस


### ठोरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेस प्रदेश, नेपाल

## करारमा सेवा लिनेसम्बन्धी सूचना

***(प्रथमपटक प्रकाशित मितिः २०७९/८/१९ गते)***

ठोरी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा रिक्त रहेका तपसिलका पदहरूमा करार सेवामा कर्मचारी र शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दस्तुर तिरेको रसिद र तोकिएको कागजातसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय, घ्याङडाँडाबाट प्राप्त हुनेछ। **तपसिल**

| क्र.सं. | वि.नं. | पद/तह | विषय | सङ्ख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३१–२०७९/८० | प्रशिक्षक उमावि | पशुविज्ञान | २ (दुई) | पशुविज्ञानमा स्नातकोत्तर वा BVA & H साथै एक वर्षको कार्यानुभव वा स्नातकोत्तर (पशुविज्ञान) | |
| २ | ३२–२०७९/८० | प्रशिक्षक मावि (पशु विज्ञान) | पशुविज्ञान | १ (एक) | पशु विज्ञानमा स्नातकोत्तर वा BVA & H | |
| ३ | ३३–२०७९/८० | शिक्षक/प्रावि | | १ (एक) | कक्षा १२ उत्तीर्ण वा सोसरह | अध्ययन अनुमतिपत्रप्राप्त |
| ४ | ३४–२०७९/८० | स्वयंसेवक शिक्षक/निमावि | गणित | १ (एक) | कक्षा १२ उत्तीर्ण वा सोसरह | आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा तीन महीना तालीमप्राप्त |
| ५ | ३५–२०७९/८० | स्वयंसेवक शिक्षक/निमावि | अङ्ग्रेजी वा गणित | १ (एक) | कक्षा १२ उत्तीर्ण वा सोसरह | आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा तीन महीना तालीमप्राप्त |

**Web: www.thorimun.gov.np, Mo. No. 9855038037, Email: ito.thorirmun@gmail.com**

# सडकछेउमा जथाभावी पार्किङ



बजारमा आउने ग्राहकहरूले सवारीसाधन जथाभावी पार्किङ गर्दै । तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी १८ मङ्सिर/

पर्सागढी नगरपालिका–३ पकडिया बडनिहारमा साताको दुई दिन हाटबजार लाग्ने गरेको छ। बिहीवार र आइतवार लाग्ने सो हाटबजार सडकछेउमा साँघुरो स्थानमा लाग्ने गरेको छ।

बजार आउनेहरूले मुख्य सडक किनारमा सवारीसाधन पार्किङ गर्दा सडकमा ट्राफिक जाम भई सवारी दुर्घटनाको जोखिम बढ्दै गएको छ।

पहिले सडक किनारमा लाग्ने यो बजार अहिले अस्थायीरूपमा बजार व्यवस्थापन गरे तापनि बजारमा आउने ग्राहकले सडकछेउमा सवारीसाधन पार्किङ गर्दा सडक निकै व्यस्त हुन्छ। व्यस्त सडक किनारमा जथाभावी सवारीसाधन पार्किङ गर्दा बजारको दिन सडकमा सवारी जाम हुनुका साथै सडक दुर्घटनाको समेत जोखिम बढेको स्थानीय व्यवसायी मोहम्मद मोमताजले बताए।

हाटबजारमा सवारीसाधन पार्किङको व्यवस्थापन नगरपालिकाले गर्नुपर्ने व्यापारीहरूले माग गरेका छन्।

# मौसमी रोगको प्रकोप बढ्दो

प्रमोद यादव, पंचगावाँ, १८ मङ्सिर/

पर्साका ग्रामीण र उत्तरी भेगमा अहिले मौसमी रुघाज्वरोका बिरामीहरू बढेका छन्।

मौसम परिवर्तन भएसँगै अहिले विशेषगरी भाइरल ज्वरो, रुघाखोकी, बान्ता, कोल्ड डाइरिया, निमोनिया, झाडापखाला, नाक, कान, छाला चिलाउने, चर्मरोग, भिटामिन 'डी'को कमीले लाग्ने रोग, रक्तचाप, मधुमेह, थाइराइड, घाउ–खटिराका बिरामीहरू बढ्दै गइरहेका छन्।

सखुवाप्रसौनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेश रौनियारले पालिकाभित्रका सबै स्वास्थ्य चौकीमा करीब दुई सयजना यस्ता रोगका बिरामीहरू आउने गरेको बताए। उनले सबैभन्दा बढी टाइफाइड, ज्वरो, रुघाखोकी, निमोनिया, झाडापखाला र चर्मरोगका बिरामीहरू आउने गरेको बताए। धेरैजसोलाई प्राथमिक उपचार गरी घर पठाउने गरेको उनले बताए।

ग्रामीण क्षेत्रमा अस्वस्थकर खानपिन,



स्वास्थ्य चौकीमा उपचार गराउन आएका बिरामीहरू। तस्वीरः प्रतीक

सरसफाइको कमी, बिहान–बेलुका चीसोमा घुमफिर गर्नु, जोखिमयुक्त काम अत्यधिक गर्ने गरेका कारण यस प्रकारका रोग लाग्ने गरेको स्वास्थ्यकर्मीहरूले बताएका छन्।

त्यसैगरी, मधुमेह, रक्तचाप, थाइराइड, भिटामिन 'डी'को कमी र अन्य रोगका बिरामीहरूलाई औषधि प्रदान गर्न स्वास्थ्य चौकीको हकमा सरकारले सूचीकृत नगरेको उनले बताए। उनले पालिकाबाट बजेट विनियोजन नभएकोले यी रोगका औषधिहरू उपलब्ध हुन नसकेको तर रक्तचाप र मधुमेहको औषधि दिने गरेको स्वास्थ्य संयोजक रौनियारले बताए।

वडा नं ४ की कलावतीदेवी माझीले मधुमेह, रक्तचाप र थाइराइडका औषधि स्वास्थ्य चौकीमा नरहेको बताइन्। उनले स्वास्थ चौकीमा टाइफाइड, ज्वरोका एन्टिबायोटिक औषधिसमेत नरहेको बताइन्।



Make your stay with us is a
memorable experience
Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.
Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## विश्वकप फूटबल :अर्जेन्टिना क्वाटरफाइनलमा

काठमाडौं, १८ मङ्सिर/रासस

कतारमा जारी फिफा विश्वकप फूटबल २०२२ अन्तर्गत अर्जेन्टिना क्वाटरफाइनलमा प्रवेश गरेको छ।



कतारको अहमद बिन अलि रङ्गशालामा भएको अन्तिम १६ को खेलमा अर्जेन्टिनाले अस्ट्रेलियालाई २–१ गोलअन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो।

अर्जेन्टिनाको जीतमा कप्तान लियोनल मेस्सीले खेलको ३५औं मिनेटमा गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाए भने ५७औं मिनेटमा जुलियान अल्भारेजको गोलपछि अग्रता दोब्बर भयो। खेलको ७७औं मिनेटमा एन्जो फर्नान्डेजले गोल गर्दै अस्ट्रेलियालाई खेलमा फर्काउने प्रयास गरे पनि पर्याप्त हुन सकेन।

प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गर्ने अर्जेन्टिना दोस्रो टोली बनेको छ। यसअघि आजै भएको अन्तिम १६ को पहिलो खेलमा नेदरल्यान्ड्सले अमेरिकालाई पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरिसकेको छ। क्वाटरफाइनलमा नेदरल्यान्ड्स र अर्जेन्टिनाबीच प्रतिस्पर्धा हुनेछ।

## ह्वीलचियर प्रयोगकर्ताबीच मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता

मध्यबिन्दु, १८ मङ्सिर/रासस

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिकामा देवचुली र पोखराका ह्वीलचियर प्रयोगकर्ताको मैत्रीपूर्ण बास्केटबल प्रतियोगिता सम्पन्न भएको छ।



नवलपरासी (बर्दघाट सुस्तापूर्व)को देवचुली नगरपालिकामा ह्वीलचियर प्रयोगकर्ताको मैत्रीपूर्ण बास्केटबल खेल्दै देवचुली र पोखराका सहभागी। तस्वीरः रासस

पाँच/पाँच जनाको समूहमा विभाजित दुई समूहले ह्वीलचियरकै माध्यमबाट आफ्नो खेल प्रदर्शन गरेका थिए। खेलमा पोखराको समूह विजेता बनेको छ। ह्वीलचियर प्रयोगकर्ता पनि सबलाङ्ग व्यक्तिसरह सक्षम रहेको देखाउन प्रतियोगिता सञ्चालन गरिएको धवलागिरि अपाङ्ग उत्थान संस्था, देवचुलीका अध्यक्ष घनश्याम सुवेदीले बताए। "अपाङ्गता भएकाहरूले पनि सामान्यसरह जे पनि गर्न सक्छन् भन्ने देखाउन खेल खेलिएको हो," उनले भने, "सरोकारवाला निकायले उचित अवसरको व्यवस्था मिलाउन दबाब पुग्ने आशा लिएका छौं।"

सहभागीहरूलाई हौसला प्रदान गर्दै देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले अपाङ्गता भएकाहरूको हकहितका लागि आफू सदैव अगाडि हुने बताए। उनी भन्छन्, "स्थानीय सरकारले अपाङ्गतामैत्री सेवा प्रवाह गर्दै सीप र अवसर दिनुपर्छ भन्नेमा हामी प्रतिबद्ध छौं।"

## विश्वकप क्रिकेट लिग : नेपाल स्कटल्यान्डसँग पराजित

काठमाडौं, १७ मङ्सिर/रासस

आइसिसी विश्वकप क्रिकेट लिग–२ त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपाल स्कटल्यान्डसँग पराजित भएको छ।

नामिबियाको युनाइटेड क्रिकेट क्लब ग्राउन्डमा आज भएको खेलमा नेपाल स्कटल्यान्डसँग तीन विकेटले पराजित भएको हो।

यस जीतसँगै स्कटल्यान्ड शीर्ष स्थानमा उक्लिएको छ। नेपालले स्कटल्यान्डलाई जीतका लागि १३८ रनको लक्ष्य दिएको थियो। जवाफमा स्कटल्यान्डले ३२ दशमलव एक ओभरमा सात विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो।

स्कटल्यान्डका क्रिस्टोफर मिकब्राइडले सर्वाधिक ४३ रनको योगदान दिए। उनले ४७ बलमा सात चौकासहित ४३ रनको योगदान दिएका हुन्। त्यस्तै, ब्रेन्डन म्याकमलन ३२ रनमा अविजित रहे भने माइकल लिस्कले २२ रन बनाए। ओपनर जर्ज मुन्शेले १७ रन जोड्दा म्याथ्यु क्रसले १३ रन बनाए।

नेपालका ललितनारायण राजवंशी, गुलशन झा र सागर ढकालले समान दुई/दुई विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपाल ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १३७ रनमा समेटिएको थियो। नेपालका गुलशन झाले २९ बलमा तीन चौका र एक छक्कासहित सर्वाधिक २९ रन बनाए।

त्यसैगरी, ज्ञानेन्द्र मल्लले ३९ बलमा तीन चौकासहित २५ रन जोडे भने कुशल भुर्तेलले १७ रन बनाए। दीपेन्द्रसिंह ऐरी नौ रनमा आउट हुँदा करण केसीले आठ रन जोडे। आशिफ शेख सात रनमा 'क्याच आउट' भए भने सागर ढकालले चार तथा ललितनारायण राजवंशीले तीन रन जोडे।

स्कटल्यान्डका क्रिस सोलले तीन विकेट लिंदा मार्क वाटले दुई विकेट लिए। ब्रेन्डन म्याकमलन, शफ्यान शरीफ र माइकल लिस्कले समान एक/एक विकेट झारे।

यसअघि भएको नेपाल र नामिबियाबीचको पहिलो खेल वर्षाका कारण रद्द भएपछि दुवै टोलीले एक/एक अङ्क जोडेका थिए। नेपालले अब बुधवार नामिबियासँग खेल्नेछ। स्कटल्यान्ड ३० खेलमा २१ मा जीत र सातमा हारका साथ ४४ अङ्क जोड्दै शीर्षस्थानमा उक्लिएको हो। नेपाल २२ खेलमा आठमा जीत र १२ मा हारसहित १८ अङ्क जोड्दै छैटौं स्थानमा छ।

# १८० किलो गाँजा बरामद, चालक पक्राउ

प्रस, रौतहट, १८ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, रौतहटले १८० किलो गाँजासहित एकजनालाई पक्राउ गरेको छ। जिप्रका, रौतहटले जनाए अनुसार शनिवार अपराह्न गौर नगरपालिका–३ मा रहेको फलक पोल्ट्री फार्मबाट सो परिमाणको गाँजा बरामद भएको जनाएको छ।

वाग्मती प्रदेश ०१–००६–ख २८३० नम्बरको आइचर कम्पनीको मिनीट्रकबाट ल्याइएको गाँजा फार्ममा खाल्डो खनेर राखिएको अवस्थामा बरामद भएको प्रहरीले जनाएको छ। सूचनाको आधारमा गाँजा बरामद भएको रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले बताए। उनले गाँजा बरामद भएपछि ट्रक र चालक मकवानपुरका २१ वर्षीय सुरेन्द्र स्याङ्तानलाई नियन्त्रणमा लिएको बताएका छन्। पोल्ट्री फार्मका सञ्चालक भने गाँजा बरामद भएको सूचनापछि सम्पर्कविहीन भएको र निजको खोजी भइरहेको उनले बताए।

## दुई सीमावर्ती बजार ...

अटोरिक्शाहरू पनि भन्सार कार्यालयसम्म पुग्दा दुवैतिरका यात्रुलाई निकै झमेला हुने गरेको थियो।

दुई सीमावर्ती बजारबीच अटोरिक्शा सञ्चालनमा आएपछि रिक्शा सञ्चालक तथा यात्रुहरू खुशी भएका छन्। बीचैमा अटोरिक्शा फेरेर करीब पाँच सय मिटर पैदल सामान बोकेर जानुपर्दा यात्रुहरूलाई निकै झमेला भइरहेको थियो। अटोरिक्शा निर्बाध चल्न थालेपछि गौर तथा बैरगनिया दुवै बजारलाई फाइदा हुने विश्वास गरिएको छ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकीन गरेर मात्र भुक्तानी गर्ने गरौं।
- सञ्चारमाध्यमले जारी गरेको बीजक र एजेन्सी कमिशन खुल्ने बीजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महीनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महीनाभित्र भुक्तानी गरौं।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजूरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड